महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८१/८२

रौतामाई गाउँपालिका, उदयपुर
८०१११५०३३००
उदयपुर

 https://nams.oag.gov.np

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८२/८३ मिति : २०८२-१०-२१
च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
रौतामाई गाउँपालिका, उदयपुर ,
उदयपुर

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को एकीकृत वित्तीय विवरण तथा सोसँग सम्बन्धित अनुसूची,टिप्पणीहरू तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२।७।२७ मा छलफल पश्चात तयार गरिएको पाना ४९(उनन्चास ) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । कार्यालयबाट पेश भएको वित्तीय विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम वित्तीय विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

प्रकाश कुमार खत्री
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार,
काठमाडौँ, प्रतिवेदन संलग्न छ ।, info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, उदयपुर, प्रतिवेदन संलग्न छ ।,
udaypur.dtco@fcgo.gov.np
श्री प्रदेश लेखा ईकाइ कार्यालय, उदयपुर, प्रतिवेदन संलग्न छ ।,
ptco.udaypur@gmail.com

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व, समन्वयलाई प्रवर्द्धन गर्नु, स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व रपारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाँउपालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल २०४.०८ वर्ग किलोमिटर तथा २५१०४ जनसंख्या रहेको छ ।
**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।२४ देखि २०८२।७।२७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरु यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय रु. ६५१७५९२६९.४१ व्ययतर्फ रु. ५८३२५९९०३.३३ को गरी जम्मा रु.१२३५०१९१७२.७४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२

**एकीकृत वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरिएको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्छ।पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०)प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण र घरेलु तथा साना उधोग प्रवर्द्धन केन्द्र समेतका अन्तरसरकारी अख्तियारी मार्फत् खर्च भएका कारोवार सुत्रमा लेखाङ्कन गरेको देखिदैन । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

| | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम | रकम | | विवरण | रकम | कै. |
| १ | गत वर्षको जिम्मेवारी | | ४६८१५२६०.५२ | १ | चालु खर्च | ३४८६५९७११.२९ | ३४८६५९७११.२९ |
| | क) संचित कोष | २९९९४६३७.७४ | | | पालिका तर्फ | ११७५२१३९६.२१ | |
| | ख) धरौटी खाता | १२२०७१९०.८ | | | संघीय सशर्त | २२८५०२४३१.०८ | |
| | ग) विविध खर्च खाता/कोष | ४१५६१७.९८ | | | प्रदेश सशर्त | २६३५८८४ | |
| | घ) प्रकोप व्यावस्थापन कोष | १५७८१४ | | २ | पूँजीगत खर्च | १०७७२६५२७ | १०७७२६५२७ |
| | ङ) कर्मचारी कल्याण कोष खाता | ४०००००० | | | पालिका तर्फ | ६१२२०१८७ | |
| | च) महिला तथा वाल विकास कोष खाता | ४०००० | | | संघीय सशर्त | ४०५९९९०१ | |
| २ | राजस्व ( आन्तरिक आय) | | १०५४१८९९९ | | प्रदेश सशर्त | ५९०६४३९ | |
| | क) आन्तरिक राजस्व | ४९७८७७५.४९ | | ३ | लगानी | | |
| | ख) सथानिय दहत्तर बहत्तर शुल्क ६०% | २२४८४२५ | | | ऋण लगानी | | |
| | ग) संघीय राजस्व बाँडफाँड | ९१०९४७८७.७४ | | | शेयर लगानी | | |
| | घ) प्रदेश सवारीसाधन कर | ५३४४०६३.६१ | | | अन्य लगानी | | |
| | ङ्) अन्य आय (संघिय रोयल्टी बाट प्राप्त) | १०९१४५१ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | च) अन्य आय (मालपोतबाट घ.ज.र.दस्तुर) | ६६१४९६ | | ४ | विभिन्न कोषतर्फको खर्च | | |
| ३ | वित्तियहस्तान्तरण संघ | | ३८४४८९०७६ | | क) विविध खर्च खाता | ६८३२०३४.८३ | १४१०५२८३.८३ |
| | क) वित्तिय समानीकरण अनुदान | ८७८१४३२० | | | ख) प्रकोप व्यावस्थापन कोष | १४३६१३५ | |
| | ख) सशर्त अनुदान | २८६६७४७५६ | | | ग) धरौटीफिर्ता | ४०३३०७१ | |
| | ग) समपूरक अनुदान | १०००००००० | | ५ | घ) स्थानियतह विविध कोष खाता | १८०४०४३ | |
| | घ) विशेष अनुदान | ० | | | | | |
| ४ | प्रदेशसरकारबाट प्राप्त अनुदान | | १७८०५००० | ६ | | | |
| | क)वित्तिय समानीकरण अनुदान | ५७३३००० | | | | | |
| | ख) सशर्त अनुदान | १२०७२००० | | | अन्तर स्थानीय तहतर्फ खर्च | | |
| | ग) समपुरक अनुदान | ० | | ७ | क सामाजिक सुरक्षा | ८०९२६१९८.२९ | ८१६६६२८०.२९ |
| | घ) विशेष अनुदान | ० | ० | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ० | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | ८१६६६२८० | | ग) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | | |
| | क सामाजिक सुरक्षा | ८०९२६१९८.२९ | | | घ) घरेलु तथा साना उधोगप्रवर्द्धन केन्द्र | ७४००८२ | |
| | ख) गरिव संग विश्वेश्वर | ० | | ८ | अनुदान फिर्ता | | ३११०२१००.९२ |
| | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ० | | | क) संघीय सरकार तर्फ फिर्ता | २७५७२४२३.९२ | |
| | घ) घरेलु तथा साना उधोग प्रवर्द्धन केन्द्र | ७४००८२ | | | ख) प्रदेश सरकार तर्फ फिर्ता | ३५२९६७७ | |
| ६ | विविध खर्च खाता तर्फको आय | | | | मौज्दात | | ६८४९९३६६.०८ |
| | क) क्षेत्रीय शहरी विकास योजना | ० | ७३८५८२५.८३ | | क) सञ्चित कोष खाता | ५०२१९३७३.३ | |
| | ख) सडक बोर्ड नेपाल | २०६९९०१ | | | ख) धरौटी खाता | १०२५२९४७.८ | |
| | ग) सहारा नेपाल | १००००० | | | ग) प्रकोप व्यावस्थापन कोष | २७२१६७९ | |
| | घ) जि.स.स. | ० | | | घ) विविध खर्च खाता | ९६९४०८.९८ | |
| | ङ) करुणा फाउण्डेशन | १४३५४२५ | | | ङ) विविध कोष खाता | ४३३५९५७ | |
| | च) प्रदेश सरकार(करुणा) | १६७२००० | | | | | |
| | छ) स्थानिय सरकार(करुणा) | १६७२००० | | | | | |
| | ज) प्रदेश PLGSP | ४३६४९९.८३ | | | | | |
| ७ | प्रकोप व्यवस्थापनकोषको आय | | ४०००००० | | | | |
| | क) प्रकोप व्यावस्थापन कोष | ४०००००० | ० | | | | |
| ८ | विविध कोष खाताको आय | | २१००००० | | | | |
| | क) कर्मचारी कल्याणकोष | २०००००० | | | | | |
| | ख) महिला तथा वाल विकास कोष | १००००० | | | | | |
| ९ | धरौटी खाता | | २०७८८२८ | | | | |
| | क) धरौटी आय | २०७८८२८ | | | | | |
| | जम्मा | ६५१७५९२६९.४१ | ६५१७५९२६९.४१ | | जम्मा | ६५१७५९२६९.४१ | ६५१७५९२६९.४१ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थता -**

यस रौतामाई गाँउपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (मलेपफानं २७०) तयार गर्नुपर्दछ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८०९२६१९८.२९ र घरेलु तथा साना उधोग प्रवर्द्धन केन्द्र तर्फ रु. ७४००८२ सुत्रमा लेखाङ्कन गरेको छैन। सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४ **बैङ्क हिसाब विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ।पालिकाले पेश गरेको विवरण अनुसार यो वर्षको अन्त्यमा स्रेस्ता अनुसार बैङ्क र श्रेस्ताको मौज्जादको विवरण देहाय बमोजिम देखियो ।

| सि.न | खाताको नाम | श्रेस्ता अनुसार २०८२ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८२असार मसान्तको बाँकी |
|---|---|---|---|
| १ | आन्तरिक राजस्व खाता | ० | ० |
| २ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| ३ | आन्तरिक अनुदान खाता | ० | ० |
| ४ | स्थानीय तह विभाज्य कोष खाता | ० | ० |
| ५ | स्थानीयतह सञ्चित कोष खाता | ५०२१९३७३.३ | ५०२१९३७३.३ |
| ६ | स्धानीयतह धरौटी खाता | १०२५२९४७.८ | १०२५२९४७.८ |
| ७ | चालूखर्च खाता- विजोर वर्ष | ० | ० |
| ८ | चालूखर्च खाता- जोर वर्ष | ० | ० |
| ९ | पूँजिगतखर्च खाता- विजोर वर्ष | ० | ० |
| १० | पुँजीगतखर्च खाता- जोर वर्ष | ० | ० |
| ११ | विविधखर्च खाता | ९६९४०८.९८ | ९६९४०८.९८ |
| १२ | स्थानीयतह विविध कोष खाता | ४३३५९५७ | ४३३५९५७ |
| १३ | स्थानीयतह आकस्मिक कोष खाता | ० | ० |
| १४ | स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | २७२१६७९ | २७२१६७९ |
| जम्मा | | ६८४९९३६६.०८ | ६८४९९३६६.०८ |

सैद्धान्तिक बेरुजु

५ **क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो।

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३८०५३६४२ | २४२०३७५७ | ५.३ |
| २ | सामाजिक विकास | ३२८१५७६३८ | २७९३९१२३९ | ६१.२२ |
| ३ | पूर्वाधार विकास | ९९७२३००० | ५७१०६२१७ | १२.५१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८५०६३४२.२ | ६१२३७१८ | १.३४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०८४६०००० | ८९५६१३०६.२ | १९.६२ |
| कुल जम्मा | | ५८२९००६२२ | ४५६३८६२३९ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ६१.२२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सबै भन्दा घटी १.३४ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६ **अनुदान फिर्ता-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ मा क्रमश संघीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित संघीय तथा प्रदेश ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिम फिर्ता गरेको छ।

| क्र.सं. | स्रोत | प्राप्त रकम | आम्दानी | खर्च | अनुदान फिर्ता |
|---|---|---|---|---|---|
| | संघिय तर्फ | | | | |
| २ | शसर्त अनुदान चालु | २४४६१०७८० | २४४६१०७८० | २२८५०२४३१ | १६१०८३४८.९२ |
| ३ | शसर्त अनुदान पुँजीगत | ४२०६३९७६ | ४२०६३९७६ | ३२२२५५९४ | ९८३८३८२ |
| ५ | समपुरक अनुदान पुँजीगत | १००००००० | १००००००० | ८३७४३०७ | १६२५६९३ |
| | कोशी प्रदेश तर्फ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | शसर्त अनुदान चालु | ५१७२००० | ५१७२००० | २६३५८८४ | २५३६११६ |
| ८ | शसर्त अनुदान पुँजीगत | ६९००००० | ६९००००० | ५९०६४३९ | ९९३५६१ |
| जम्मा | | ३०८७४६७५६ | ३०८७४६७५६ | २७७६४४६५५ | ३११०२१००.९२ |

सैद्धान्तिक बेरुजु

७ **कोषको अवस्था -**

स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ६९ मा सञ्चित कोष र दफा ७० मा आकस्मिक कोषको व्यवस्था छ। सो बाहेक अन्य कोषको व्यवस्था छैन। पालिकाले देहाय बमोजिमका विभिन्न कोषहरु स्थापना गरी पालिकाबाट बजेट बिनीयोजन गरी रकम थप गर्ने गरेको देखिन्छ।

| संकेत | कोष हिसाबको नाम | शुरु मौज्दात | प्राप्ति | भुक्तानी | बाँकी |
|---|---|---|---|---|---|
| ग ३.१ | स्थानीयतह धरौटी खाता | १२२०७१९०.८ | २०७८८२८ | ४०३३०७१ | १०२५२९४७.८ |
| ग २.७ | विविधखर्च खाता | ४१५६१७.९८ | ७३८५८२५.८३ | ६८३२०३४.८३ | ९६९४०८.९८ |
| ग ५.१ | स्थानीयतह विविध कोष खाता | ४०४०००० | २१००००० | १८०४०४३ | ४३३५९५७ |
| ग ७.१ | स्थानीयतह आकस्मिक कोष खाता | ० | ० | ० | ० |
| ग ७.२ | स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | १५७८१४ | ४०००००० | १४३६१३५ | २७२१६७९ |
| **जम्मा** | | **१६८२०६२२.७८** | **१५५६४६५३.८३** | **१४१०५२८३.८३** | **१८२७९९९२.७८** |

यसरी पालिकाले वार्षिक सो कोषबाट हुने खर्च तथा आवश्यकतालाई समेत ध्यान नदिई यस्ता कोषमा रकम दाखिला गरी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **त्रैमासिक पुँजीगत खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| क्र.स | बजेट उपशिर्षक | कुल खर्च | | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | पूँजिगत खर्चतर्फ | १०७७२६५२७ | १५०८७२८ | २२२६६७१५ | १६६५८६०२ | ६७२९२४८२ | २४८७९५८१ |
| | प्रतिशत | १०० | १.४० | २०.६७ | १५.४६ | ६२.४७ | २३.०९ |

यो वर्ष पुँजीगततर्फ रू. १० करोड ७७ लाख २६ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू. १५ लाख ८ हजार अर्थात १.४० प्रतिशत, दोस्रो त्रैमासिकमा रू.२ करोड २२ लाख ६६ हजार अर्थात २०.६७ प्रतिशत, तेस्रो त्रैमासिकमा रू.१ करोड ६६ लाख ५८ हजार अर्थात १५.४६ प्रतिशत र चौथो त्रैमासिकमा रू. ६ करोड ९२ लाख ७२ हजार अर्थात ६२.४७ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू. २ करोड ४८ लाख ७९ हजार अर्थात २३.०९ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९ **योजनाको प्राथमिकीकरण –**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ।स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ८ वडाको लागि भौतिक पूर्वाधारमा १४१ र अन्य कार्यक्रमतर्फ ३९७ गरी कुल ५३८ योजनामा वजेट विनियोजन गरेकोमा पूर्वाधारतर्फका ९१ योजना संचालन नै भएको देखिएन ।

| क्र.स. | विवरण | योजनाको संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १ लाख भन्दा कम | १ लाख देखि ५ लाख सम्म | ५ लाख देखि २० लाख सम्म | २० लाख देखि ५० लाख सम्म | ५० लाख भन्दा माथि | जम्मा योजना संख्या |
| १ | भौतिक पूर्वाधार निर्माण अन्तर्गतका योजनाहरु | ९ | ८३ | ४४ | २ | ३ | १४१ |
| २ | अन्य कार्यक्रम अन्तर्गतका चालु कार्यक्रम | ११४ | १७७ | ७४ | २० | १२ | ३९७ |
| | जम्मा | १२३ | २६० | ११८ | २२ | १५ | ५३८ |

माथिको तालिका अनुसार भौतिक पूर्वाधारतर्फ रु.१ लाख भन्दा कमको ९ वटा योजना संचालन भएका छन भने रु.१ लाख देखी ५ लाख सम्म ८३ वटा, ५ लाखभन्दा माथी रु.२० लाख भन्दा कमको ४४ वटा र २० लाखभन्दा माथिको जम्मा ५ वटा मात्र पूर्वाधार निर्माणका योजना संचालन भएका देखिन्छन । जसबाट पालिकाले टुक्रे र साना योजना संचालन गरिरहेको देखियो । योजना निर्माण गर्दा गरिबी निवारण, उत्पादनमूलक, रोजगारी सृजना गर्ने र जनसहभागिता प्रर्वधन गर्ने खालका योजनाहरुलाई पालिकाले प्राथमिकतामा राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **बार्षिक लक्ष्य तथा प्रगति –**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले तोकिएको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले तयार गरेको प्रगति विरण अनुसार पालिकाले पुँजीगततर्फ यस आ.ब. १४१ योजना संचालन भएकोमा देहाय अनुसार प्रगती हासिल गरेको देखियो ।

| कार्यक्रम तथा वजेट उपशिर्षक | कार्यक्रम/ योजना संख्या | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| पूँजीगत | १४१ | २७ | १५ | ३ | ९६ |

कुल १४१ योजना मध्ये ९६ योजनाहरुमा ७५ प्रतिशत भन्दा बढी प्रगति भएतापनि २७ योजना संचालन नै भएको देखिएन भने ३ वटा योजनाको प्रगति ५० प्रतिशत रहेको देखिन्छ । पालिकाले लक्ष्य अनुसार प्रगति हासिल हुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११ **बजेट तथा कार्यक्रम कार्यान्वयन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मूल्याँकन समेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको आ.व. २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रम अनुसार निम्न योजना विनियोजन ऐन (बजेट) मा समाबेश भएको तर कार्यान्वयन भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर कार्यक्रम कार्यान्वयन गर्नेतर्फ ध्यानदिनु पर्दछ ।

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | मौज्दात |
|---|---|---|---|
| १ | वडा कार्यालय भवन रौतामाई ७ ले भोग चलन गरेको जग्गा खरिद योजना | ३००००० | ३००००० |
| २ | बन (निजि बन दर्ता तथा जडिबुटी तेजपत्ता प्रवर्धन तथा मेशिन औजार खरिद कार्यक्रम) | १५५२२४२ | १५५२२४२ |
| ३ | विज्ञान तथा प्रविधि | १००००० | १००००० |
| ४ | रौतापोखरी केवलकार निर्माणको सम्भाव्यता अध्ययन कार्यक्रम | ५००००० | ५००००० |
| ५ | पर्यटन प्रबर्धन सम्बन्धि कार्यक्रम/होमस्टे लागएत अन्य पर्यटन सम्बन्धि कार्यक्रम खर्च वडा नं. १, ६ र ८ (का.पा.को निर्णय अनुसार) | ५००००० | ५००००० |
| ६ | पर्यटन ( गुरु योजना तयारी तथा अन्य परामर्श सेवा खर्च) | १०००००० | १०००००० |
| ७ | बेलबोटे चनौटे सडक निर्माण योजना रौतामाई ३ | ६००००० | ६००००० |
| ८ | गोगुने रबुवा धमिनि सडक खण्डको नारायण चोकमा नयाँ ट्र्याक खोल्ने कार्य वडा नं. ४ र ६ | १०००००० | १०००००० |
| ९ | हाँडीखोला पक्कि पुल निर्माण रौतामाई ४ | १३०००००० | १३०००००० |
| १० | रौतापोखरी प्रबेद द्वारको मुल गेटमा फलामे चेन गेट निर्माण तथा ढुङ्गा विच्छ्याउने कार्य वडा नं. ६ | ५००००० | ५००००० |
| ११ | उर्जा (बिधुत सामान खरिद तथा मर्मत सबै वडा) | ५००००० | ५००००० |
| १२ | जलश्रोत तथा सिंचाई | १०००००० | १०००००० |
| १३ | रसुवाखोला कटहरे सिंचाई योजना रौतामाई ३ | १५०००० | १५०००० |
| १४ | लिफ्टिङ्ग खानेपानी आयोजना ताप्ली लिम्चुङ्गबुङ्ग रौतामाई १ र ३ सहभागिता | २०००००० | २०००००० |
| १५ | खानेपानी तथा सरसफाई | १०००००० | १०००००० |
| १६ | सबडिभिजन बन कार्यालय रौतामाई ७ को शौचालय निर्माण | ७००००० | ७००००० |
| १७ | जोडकोष( सडक, खानेपानी , भवन , सिंचाई , विधुत , स्वास्थ्य , शिक्षा , लक्षित बर्ग , बिभिन्न संघ संस्था , पर्यटन , डि.पि.आर. तथा अन्य योजना मर्मत संभार , कृषि र पशु समेत (कार्यपालिकाको निर्णय अनुसार खर्च गर्ने अधिकार प्रत्यायोजन गरिएको छ | ८३०००० | ८३०००० |
| १८ | सब डिभिजन वन कार्यालय भुट्टारको भवन निर्माण योजना रौतामाई ७ मुर्कुची | ६००००० | ६००००० |
| १९ | सम्पदा पुर्वाधार | १००००० | १००००० |
| २० | वडा कार्यालय भवन निर्माण तला थप वडा नं. ३ क्रमागत | ७००००० | ७००००० |
| २१ | बेलबोटे चनौटे सडक विस्तार | ३००००० | ३००००० |
| २२ | स्वाथ्य चौकि पोखरीको लिफ्टीङ्ग खाने पानी ट्याङ्की मर्मत | ८०००० | ८०००० |
| २३ | हुल्मा खोला देवीथान कुलो मर्मत ६ | ७५००० | ७५००० |
| २४ | गुराँसे हरिडाँडा सडक निर्माण तथा स्तरोन्नती | ५००००० | ५००००० |
| २५ | डुम्रिथुम्का गोल्ढ्याक सडक निर्माण तथा स्तरोन्नती | ३००००० | ३००००० |
| २६ | खानेपानी योजना रौतामाई गा.पा. वडा नं. ३ लाफागाउँ उदययुर | ५००००० | ५००००० |
| २७ | पुँवारे- पाँबु -धमिनि भुट्टार सडक निर्माण रौतामाई ८ र २ (पाँबु खण्ड) क्रमागत | ९७००००० | ९७००००० |
| जम्मा | | ३८०८७२४२ | ३८०८७२४२ |

सैद्धान्तिक बेरुजु

१२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **बजेट सीमा निर्धारण समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु. ५७ करोड ६ लाख ९७ हजारको बजेट गाँउसभा समक्ष पेश गर्नुभएकोमा सभाबाट सोहि मिति २०८१।३।१० मा पारित भएको छ । गाँउपालिका अध्यक्षले सोहि दिन अर्थात २०८१।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो ।

सैद्धान्तिक बेरुजु

१५ **बजेट तथा कार्यक्रम तर्जुमा -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **आवधिक योजना -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **रकमान्तर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०८१ को दफा ५ (२) अनुसार विनीयोजन रकमको २५ प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सकिने व्यवस्था रहेकोमा थपघट समेत पालिकाको निर्णयबाट यस आ.ब.मा २५ वटा शिर्षकको कार्यक्रमलाई ७० वटा कार्यक्रम रु.२ करोड ४१ लाख ८९ हजार (४.२४ प्रतिशत) रकमान्तर गरेको छ। रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन । उल्लिखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **आन्तरिक लेखापरीक्षण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर रौतामाई गाँउपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण कार्य अन्तिम लेखापरीक्षणको कार्याविधिसम्म सम्पन्न भएको छैन । लेखापरीक्षण प्रवेश वैठकमा नै आन्तरिक लेखापरीक्षण प्रतिवेदन माग भएतापनि प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर छलफल हुँदा सम्म पेश हुन आएन । मस्यौदा छलफल पश्चात प्राप्त भएको प्रतिवेदनका व्यहोरालाई अन्तिम प्रतिवेदनमा परिमार्जनका साथ समावेश गरिएको छ।कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु


१९ **धरौटी सदरस्याहा -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६७ र ६८ को व्यवस्था अनुसार फिर्ता लिन नआएको, नाम नामेसि नखुलेको धरौटीलाई प्रयोजन समाप्त भएको वा शर्त बमोजिमको अवधि समाप्त भएपश्चात राजश्व आम्दानी बाध्नुपर्ने व्यवस्था छ ।कार्यालयमा अध्यावधिक धरौटी तयार नगरेको कारण कहिले देखीको धरौटी फिर्ता गर्न बाँकी रहेको हो लेखापरीक्षणको क्रममा यकिन गर्न सकिएन । सुत्र प्रणालीको विवरण अनुसार रु. १ करोड २ लाख ५२ हजार ९४७ बाँकी रहेकोमा रु. १ करोड २२ लाख ७ हजार १९० गत बर्षबाट यस बर्ष जिम्मेवारी सारेको देखिन्छ ।सो धरौटी राखेको प्रयोजन समाप्त भए नभएको पालिकाले यकिन गरी राखेको देखिएन । पालिकाले यकिन गरी आवश्यक प्रक्रिया पुरा गरी धरौटी सदरस्याहा तथा फिर्ता गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **चालु/प्रशासनिक खर्च -**

नेपाल सरकारको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्मको विभिन्न चालु प्रकृतिका खर्चमा गरेको खर्च विवरणलाई देहायको चार्टमा प्रस्तुत गरिएको छ :




पालिकामा मुख्य रुपमा उल्लेख भएका उपरोक्त बमोजिमका खर्च गर्दा खुल्ला प्रतिस्पर्धात्मक खरिद विधि अवलम्वन नगरेको तथा ति खर्च बाहेक अन्य कार्यक्रमबाट कार्यपालिकाका विभिन्न बैठकबाट रकमान्तर गरी चालु प्रकृतिका खर्च गरेको छ ।त्यसप्रकारका रकमान्तरलाई बजेट संशोधन नाम दिईएतापनि सोही शिर्षकमा खर्च लेखेकोले चालु एवं प्रशासनिक खर्चको रकम यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले प्रशासनिक एवं चालु खर्च नियन्त्रण सम्बन्धमा मापदण्ड तयार गरी लागु गरेको नदेखिएकोले ईन्धन, औषधी खरिद, अनुगमन मुल्यांकन र करार सेवा शुल्क लगायतका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२१ **खरिदको विधि-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक निकायले खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यको आधारमा उपयुक्त विधि अपनाई खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार आ.ब. २०८१/८२ मा उपभोक्ता समितिमार्फत भएको बाहेक पुँजीगत तर्फ खरिदको अवस्था देहायबमोजिम छ:

| क.सं. | उपशिर्षकको नाम | खर्च शिर्षक नम्बर | खरिद विधि | संख्या | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | | | **खुला बोलपत्र** | ४ | ९९४५५०८ |
| | पालिका / संघिय सरकार | ३११५१ | Gogane-Rabuwa-Nachane-Dhamini Sadak marmat tatha satarronatti | १ | २५८७३७७ |
| | रौतामाई गाउपालिका | ३११५९ | Procurement of Zinc coated(CGI) corrugated Galvanized iron sheet | १ | ४७९८१११ |
| | रौतामाई गाउपालिका | ३११५९ | Construction of ward office building talla thap, ward no.-3 | १ | ९३७१४६ |
| | रौतामाई गाउपालिका | ३११५१ | Barsha le bigareko sadak marmat tatha sambhar, RRM 1 to 8 | १ | १६२२८७४ |
| २ | | | **सिलबन्दी दरभाउपत्र** | ४ | ३५३९६८६ |
| | रौतामाई गाउपालिका | ३११५९ | Construction of ward office building talla thap, ward no.-1 | १ | ५५९९४५ |
| | रौतामाई गाउपालिका | ३११५९ | Construction of ward office building talla thap, ward no.-5 | १ | ५०८२४८ |
| | प्रदेश सरकार पुँजीगत | ३११५९ | Swasthaya Chowki Marmat Bhuttar Marmat (Supplying and construction of iron truss with CGI covering and cement board for room)", Rautamai RM, Bhuttar-2 | १ | ११४५४५२ |
| | रौतामाई गाउपालिका | ३११५१ | Murkuchi-Puware Bhanjyang Sadak khandko kolte ghumtima gabion tarjali kharid tatha nirman yojana Rautamai-07 | १ | १३२६०४१ |
| | ३ | | **सोझै** | ७ | ३८७९४४९ |
| | रौतामाई गाउपालिका | ३११५९ | False ceiling work at bhuttar police chowki | १ | ७०३६० |
| | रौतामाई गाउपालिका | ३११५९ | प्रमुख प्रशासकीय भवन पछाडी रिटनिङ्ग वाल निर्माण | १ | ९७२४६६ |
| | रौतामाई गाउपालिका | ३११५९ | वडा कार्यालय घेराबेरा, वडा नं.-६ | १ | २८४७०७ |
| | रौतामाई गाउपालिका | ३११५१ | गुँरासे हरिडाँडा सडक तथा गुँरासे तारखोला सडक निर्माण तथा स्तरोन्नती | १ | ३६१७४२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | रौतामाई गाउपालिका | ३१५१ | रानीबास डाँडाटोल तेलतेले पुछार सडक र डुम्रिथुम्का गोलढ्याक सडक निर्माण तथा स्तरोन्नती | १ | ७३४३९१ |
| | रौतामाई गाउपालिका | ३११५९ | Rautamai Mandir Parisar Bhitra Atithigriha Parisarma Park Nirman | १ | ९७३१७४ |
| | रौतामाई गाउपालिका | ३११५१ | सडक मर्मत(सानातीना खाल्डाखुल्डी पुर्ने, ग्राभेल गर्ने, सम्याउने, माटो फाल्ने तथा हाल्ने) | १ | ४८२६०९ |

सार्वजनिक खरिद पारदर्शी, मितव्ययी एवं प्रभावकारी ढंगबाट गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२२ **अधुरो निर्माण कार्य –**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशनलगायतको जानकारी उपलब्ध हुन्छ। पालिकामा संचालन भएको बहुवर्षिय योजनाको हालसम्म प्रगति हेर्दा ति योजना तोकिएको समयमा सम्पन्न नभएका र तोकिएका कागजात संलग्न गरेको देखिएन अत पटक पटक म्याद थप गर्दा समेत काम सम्पन्न नभै भौतिक प्रगति न्यू देखिन्छ। निम्म ४ आयोजनाहरुको भौतिक प्रगतिको अवस्था देहायबमोजिम छ:

| क्र.सं | योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो वर्ष सम्मको खर्च | भौतिक प्रगति % |
|---|---|---|---|---|---|---|
| १ | १५ शैय्याको अस्पताल भवन | R & CS-Beacon JV, Kathmandu | २०७९।०३।२४ | २०८३।०३।०५ | ४७६७०.२७९ | ११.९४ |
| २ | हाँडिखोला आर.सि.सि. पक्की पुल, वडा नं.-४ | Amar-Brother JV, Biratnagar | २०८०।११।०१ | २०८२।०९।३० | १४७०५.१३६ | २०.८७ |
| ३ | Construction of ward office building talla thap, ward no. ५ | इगल कन्सट्रक्सन प्रा.लि., त्रि.न.पा.-११, उदयपुर | २०८१।१२।०४ | २०८२।०८।२० | ५०८.२४८ | ४०.७८ |
| ४ | Construction of ward office building talla thap, ward no.-०१, Rautamai RM, Dahar-१ | इगल कन्सट्रक्सन प्रा.लि., त्रि.न.पा.-११, उदयपुर | २०८१।१२।०४ | २०८२।१२।०१ | ५५९९४५ | ३९.४९ |

पालिकाले निर्माण व्यवसायीले पेश गरेको कार्य तालिकाबमोजिम काम भए नभएको अनुगमन गरी समयभित्र नै निर्माण कार्य सम्पन्न गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२३ **मर्मत सम्भार खर्च -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गतका देहाय बमोजिका सवारी साधनमा मर्मत वापत रु. ६३ लाख ९१ हजार खर्च लेखेको पाइयो।जसमा व्याकह्यो लोडरमा १७ लाख ४५ हजार, अध्यक्षले प्रयोग गरेको सवारीमा १५ लाख ४९ हजार खर्च भएको देखिन्छ ।

| सवारीको नाम | मर्मत खर्च रकम |
|---|---|
| प्र.१-०२-००१ झ ०७३१ | ३५५३४५ |
| व्याकहोय लोडर ज १ ग ३१८ | १७४५२२७ |
| बा.२ झ.३३६२ | १०२३१०७ |
| प्र. ३-०१-००२ झ ५३३३ | १५४९७७६ |
| मोटरसाईकल | ९७७६८१ |
| एम्बुलेन्स प्र.१-०२-००१ झ ०८३९ | ३९६९६९ |
| स. १ द ७४ ट्याक्टर | १४७९०० |
| दमकल प्र.१-०४-००१ ग ०००९ | १९५०७६ |

पालिकाले सवारी चालकलाई समेत जिम्मेवार बनाउदै सवारी मर्मत खर्चमा मितव्ययिता ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था बमोजिम पालिकाले आन्तरिक नियन्त्रण प्रणाली जारी गरेको भएतापनी निम्न व्यहोराहरुको प्रभावकारी कार्यान्वयन भएको देखिएन:

**वजेट व्यवस्थापनतर्फ :-** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरेको छैन । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन । दीगो विकासका लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार गरेको छैन । स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृती गरेको छ तर सो व्यवस्था पूर्ण पालना गरेको छैन ।

**खरिद व्यवस्थापनतर्फ :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा खरिद गुरुयोजना र वार्षिक खरिद योजना योजनागत र कार्यक्रमगत रुपमा तयार गरेको छैन । सार्वजनिक

खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वयन र उपयोग पृष्ठपोषणका लागि भएको छैन । स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन । उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएता पनि अनुगमन प्रतिवेदनबाट देखिएको बेहोरा सुधार भएको पुष्ट्याई हुने अवस्था छैन । स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख अवस्था अद्यावधिक गरेको छैन ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ :-** विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरिएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था छैन ।

**शिक्षातर्फ :-** स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको छैन । कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्थाको पूर्ण कार्यान्वयन भएको छैन । शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको छैन । संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको छैन । संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट गरेतापनि तथ्यांकमा एकरुपता रहेको छैन ।

**विविध तर्फ :-** विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको छैन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी खर्च गर्ने परिपाटी रहेको छैन। म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फारामको प्रयोग पुर्णरुपमा र उद्देश्यअनुरुप प्रयोग र अभिलेख राखेको छैन । मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन । स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण कारोबार समाविष्ट नभै एकिकृत आर्थिक विवरणमा म्यानुअली बजेट र खर्चको एकमुष्ट विवरण मात्र प्रविष्ट गर्न सक्ने व्यवस्था भएबाट शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले सारांश दिएतापनि हरेक क्रियाकलाप सहितको विस्तृत विवरण सहितको अवस्था चित्रण हुन सकेको छैन । पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन । पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन । सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको तथा पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दी बमोजिम पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर परेको छ । वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन । पालिकाको कार्य प्रकृति अनुसार पालिका र वडास्तरमा सार्वजनिक निकायको प्रमुखले मातहत कर्मचारीलाई कार्यविवरण/कायदिश दिई कार्यसम्पादन गराउनुपर्नेमा सो भएको छैन ।

**सामाजिक सुरक्षातर्फ –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ अनुसार बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक सुरक्षा बिशेष बचत खाताहरुमध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै केन्द्रिय पञ्जिकरण विभागलाई दिनु पर्ने व्यबस्था रहेको छ । कार्यालयले बैकबाट निष्कृय खाताको विवरण प्राप्त गरी सो खातामा बाँकी रहेको रकम संघिय संचित खातामा दाखिला गर्नु पर्दछ । यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ । सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ दो दफा १२ अनुसार कुनै लाभग्राहीको मृत्य भएमा, बसाइ सरी गएमा वा अन्य कुनै कारणले लगत कट्टा गर्नु परेमा लगत कट्टा गरीएको बेहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडा सचिव वा निजले तोकेको पदाधिकाारीले प्रमाणित गर्नुपर्ने व्यवस्था भएकोमा सो बमोजिम गरेको पाईएन । पालिकाले यसतर्फ ध्यान दिनु पर्दछ। सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्वन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने स्थानीय तहले संचालन गरेको चौमासिक वा बार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नु पर्ने व्यवस्था गरेकोमा पालिकाले सो बमोजिम गरेको पाईएन ।

सैद्धान्तिक बेरुजु

२५ **राजश्व तर्फ-**

२५.१ **विगत तिन वर्षको राजश्व संकलनको अवस्था -** पालिकाको विगत तीन आ.व.को आन्तरिक राजश्व संकलनको तुलनात्मक विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| आ.व. | राजश्व आम्दानि | गत आ.व. भन्दा फरक | गत भन्दा घटेको / बढेको |
|---|---|---|---|
| २०७९।८० | ६१३५७१६.८७ | ० | |
| २०८०।८१ | ७४३२६६७.४० | १२९६९५०.५३ | २१.१४ |
| ०८१/०८२ | ७२२७२००.४९ | -२०५४६६.९१ | -२.७६ |
| **जम्मा** | **२३३३६३४९.०९** | **२९२१६०५** | |

विगत तिन बर्षको आ.ब.२०७९/८० को तुलनामा आ.ब.मा २१.५४ प्रतिशत वृद्दी देखिएपनि आ.ब.२०८१/८२ मा नकरात्मक वृद्दी छ ।आन्तरिक आयको प्रक्षेपण यर्थाथ बनाउदै समग्र आयमा आन्तरिक आयको अंश बढाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२५.२ ***तुलनात्मक परीक्षण-*** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाले विभिन्न शिर्षकमा राजश्वको वार्षिक अनुमान गरी राजश्व शुल्क उठाउने गरेको छ । कुनै शिर्षकमा अनुमानित रकम भन्दा धरै र कुनै शिर्षकमा शुन्य राजश्व संकलन भएको

अवस्था छ। राजस्वका विभिन्न शिर्षकमा अनुमानित आयलाई व्यवस्थित गरी राजस्वलाई अनुमानयोग्य बनाउनुपर्दछ। साथै, राजश्वको यथार्थ अनुमान गरी पालिकाको आम्दानी वृद्धि गर्न तर्फ ध्यान दिनु पर्दछ । पालिकाले आ.ब.२०८१/८२ को लागि अनुमान गरेको र असुली गरेको आयगत शिर्षक देहाय बमोजिम रहेको देखिन्छ ।

| क्र.सं. | आम्दानी शिर्षक | लक्ष्य | असुली रकम | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | ४८५००० | ३३६८८१.९५ | ६९.४६ |
| २ | ११३१४ - भुमिकर/ मालपोत | १००००० | ६७६१४ | ६७.६१ |
| ३ | ११३१७ - वहाल कर | १२२३८० | १५७४९४.७३ | १२८.६९ |
| ४ | ११३१८ - वहाल विटौरी कर | ७६२० | ७७२० | १०१.३१ |
| ५ | ११४५२ - पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १५५००० | ० | ० |
| ६ | ११४७९ - अन्य मनोरञ्जन कर | १०००० | ० | ० |
| ७ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ४०००० | १४५० | ३.६३ |
| ८ | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २५०००० | २५२२४७ | १००.९ |
| ९ | ११६३२ - अखेटोपहारमा लाग्ने कर | ५०००० | ० | ० |
| १० | ११६९१ - अन्य कर | ४०१२९४.४९ | ६०३९०३.४९ | १५०.४९ |
| ११ | १४१२९ - अन्य निकायबाट प्राप्त लाभांश | १५००० | ७०० | ४.६७ |
| १२ | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ४४८७०५.५१ | १०६५०० | २३.७३ |
| १३ | १४१९१ - पर्यटन शुल्क | ३५००० | ० | ० |
| १४ | १४२११ - कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | २०००० | ० | ० |
| १५ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | १५०००० | १०२९७ | ६.८६ |
| १६ | १४२२१ - न्यायिक दस्तूर | ५००० | ० | ० |
| १७ | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ५००० | १००० | २० |
| १८ | १४२२४ - परीक्षा शुल्क | ८३९०० | ९४३०० | ११२.४ |
| १९ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | १२५५५० | ९६५५० | ७६.९ |
| २० | १४२४२ - नक्सापास दस्तुर | ७०००० | २४०० | ३.४३ |
| २१ | १४२४३ - सिफारिश दस्तुर | ४००५६० | ४७०३६० | ११७.४३ |
| २२ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ३१३५०० | ३५१२०० | ११२.०३ |
| २३ | १४२४५ - नाता प्रमाणित दस्तुर | १००००० | २८१०० | २८.१ |
| २४ | १४२४९ - अन्य दस्तुर | ५४१६४७ | ७३९७५० | १३६.५७ |
| २५ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | १४८९९० | ५२५० | ३.५२ |
| २६ | १४२६५ - अन्य क्षेत्रको आय | २२८१८३ | ५०० | ०.२२ |
| २७ | १४३११ - न्यायिक दण्ड जरिवाना र जफत | ५०००० | ४००० | ८ |
| २८ | १४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत | ५०००० | ० | ० |
| २९ | १४३१३ - धरौटी सदरस्याहा | ५००००० | ० | ० |
| ३० | १४५२१ - प्रदुषण नियन्त्रण शुल्क | १०००००० | ० | ० |
| ३१ | १४५२९ - अन्य राजस्व | ६८७६७० | १५३९३५९.३२ | २२३.८५ |
| ३२ | १४६११ - व्यवसाय कर | ५०००० | १३९६० | २७.९२ |
| ३३ | १५१११ - बेरूजू | ५०००० | ० | ० |
| | जम्मा | ६७००००० | ४८९१५३७.४९ | ७३.०१ |

राजस्वका विभिन्न शिर्षकमा अनुमानित आयलाई व्यवस्थित गरी राजस्वलाई अनुमानयोग्य बनाउनुपर्दछ। साथै, राजश्वको यथार्थ अनुमान गरी पालिकाको आम्दानी वृद्धि गर्न तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५.३ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय रजिष्ट्रेसन शुल्क वापत रु.२० हजार कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५.४ **वन पैदावार विक्री -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको हुन सक्ने देखिएता पनि वन उपभोक्ता समितिहरुले पालिकाबाट कार्ययोजना स्वीकृत गरेको देखिएन। यस सम्बन्धमा पालिकाले अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय प्राप्त गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५.५ **राजस्व लेखा अधावधिक-** आर्थिक कार्यविधि तथा वित्तय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५९ बमोजिम कार्यालयले राजस्वको आम्दानी जनाउंदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भए तापनि त्यस्तो राजस्व स्वीकृत राजस्व वर्गीकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हस्बली राजस्व आम्दानी दाखिला गरि गोश्वारा भौचर तयार गरि दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अधवाधिक गर्नु पर्ने छ भनी व्यवस्था रहेको छ ।पालिकाबाट आन्तरिक आय संकलनका लागि विभिन्न आय शीर्षकहरुमा वार्षिक राजस्व संकलन गरिएको छ तर ठेक्काको अद्यावाधिक विवरण तयार गरि राखिएको छैन ।यसरी अद्यावधिक विवरण नहुँदा श्रेस्ता परिक्षणको क्रममा कुनै राजस्व ठेक्का सम्बन्धी कागजात परीक्षण गर्न छुट तथा अन्य निकाय पठाएको हुन सक्ने भएकोले अनिवार्य रुपमा आन्तरिक राजस्व ठेक्काको शीर्षकगत विवरण तयार गरी अधवाधिक लगत राख्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२६ **कार्यक्रम संञ्चालन -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा कुनै तालिम, सेमिनार, गोष्ठी, कार्याशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्ने, नियम ३९(८)मा उपनियम(७) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको बिवरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संङ्ख्या र उपस्थितिसमेत समावेश गरी प्रतिबेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यबस्था भए पनि सो अनुसार लागत अनुमान तयार गरी कार्यक्रम समाप्ति पश्चात प्रतिबेदन तयार गरी स्वीकृत गरेको पाइएन।यस्तो अबस्था गरिएको सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको बिश्वसनियता र प्रभाबकारीता न्युन हुन जाने हुँदा तोकिएको प्रकृया पुरा गरेर मात्र तालिम कार्यक्रम संचालन गर्नु गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **कानून निर्माण एवं कार्यान्वयन –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १८ वटा ऐन, ६ वटा नियमावली, ४९ कार्यविधि लगायत गरी कुल ८४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

| विवरण | ऐन | नियमावली | कार्यविधि | निर्देशिका | नर्म्स | जम्मा |
|---|---|---|---|---|---|---|
| लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वयनमा भएको कानून कार्यविधि निर्देशिका एवं नम्सको संख्या | १८ | ६ | ४९ | ११ | | ८४ |

तर्जुमा भएका कानूनहरु कार्यान्वयन गरी सेवा प्रवाह गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **न्यायिक समिति –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको ५ गरी कुल ९ विवाद दर्ता भएकोमा ७ वटा मुद्दाको फस्र्यौट भई २ वटा बाँकी देखिन्छ।

| सि.नं. | उजुरीको प्रकार | गतवर्षको बाँकी | यसवर्ष थप | जम्मा | यो वर्ष फछ्यौट | फछ्यौट हुनबाँकी | समयमै फछ्यौट नहुनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक बाटो रोक्का | | १ | १ | १ | ० | |
| २ | खोला बाँध बाँधेको | | १ | १ | १ | ० | |
| ३ | गालिबेईजेती | | १ | १ | १ | ० | |
| ४ | पालनपोषण भराई पाउँ | | १ | १ | | १ | प्रकृयामा रहेको |
| ५ | अन्नबाली | १ | ० | १ | १ | ० | |
| ६ | ज्यालामजदुरी | १ | १ | २ | १ | १ | सम्बन्धित पक्ष उपस्थिति नभएकोले |
| ७ | साँध सिमाना | २ | ० | २ | २ | ० | |

न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **सेवाप्रवाहको स्थिति-**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको देखिन्छ ।पालिका तथा वडा कार्यालयबाट सम्पादीत सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहको अद्याबधिक अभिलेख समेत तयार गरी राख्नुपर्दछ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १ | १ |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | ५९८ | ५९८ |
| मृत्युदर्ता | १७९ | १७९ |
| बसाईसराई दर्ता | १९६ | १९६ |
| विवाह दर्ता | ४५५ | ४५५ |

| | | |
|---|---|---|
| सम्बन्धविच्छेद दर्ता | २६ | २६ |
| | लक्ष्य कि मि | प्रगति कि मि |
| पूर्वाधार विकास सडक निर्माण | ८.५ | ८.५ |
| कालोपत्रे सडक निर्माण | - | - |
| कालोपत्रे सडक मर्मत | - | - |
| ग्राभेल सडक निर्माण | - | - |
| ग्राभेल सडक मर्मत | ०.८२ | ०.८२ |

पालिका कार्यालय तथा वडा कार्यालयबाट सम्पादित सेवालाई सरल, सहज र व्यवस्थित बनाउन सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउने र सो को अद्यावधिक अभिलेख समेत तयार गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३० **म्याद ननाघेको पेश्की -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्योट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले देहायको निर्माण व्यवसायीलाई दिएको पेश्की रू.१,४५,८०० म्याद ननाघेको देखिएको छ। उक्त पेश्की नियम अनुसार फर्स्योट गर्नुपर्दछ।

| क्र.सं. | पेश्की विवरण | पेश्की लिनेको नाम | रकम रु. |
|---|---|---|---|
| १ | वडा कार्यालयभवन निर्माण तला थप वडा नं. १ क्रमागत | इगल कन्सट्रक्शनप्रा.लि. | ५५८०० |
| २ | वडाकार्यालय भवन निर्माण तला थप वडा नं. १ क्रमागत | इगलकन्सट्रक्शन प्रा.लि. | ९०००० |
| जम्मा | | | १,४५,८०० |

सैद्धान्तिक बेरुजु

३१ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारी बैठक भत्ता वापत रू.१५ लाख र कर्मचारीको बैठक भत्ता वापत रू.१४ लाख १३ हजार ९०० समेत जम्मा रू. २९ लाख १३ हजार ९०० खर्च गरेको देखियो।जुन आन्तरिक आय रु.४९ लाख ७८ हजार ७७५ को तुलनामा ५८.५९ प्रतिशत पदाधिकारी तथा कर्मचारीको बैठक भत्ताको रुपमा खर्च लेखेको देखियो। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३२ **तलवी प्रतिवेदन -**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८, कोशी प्रदेश निजामती सेवा ऐन, 2081 तथा कोशी प्रदेश स्थानीय सेवा ऐन, २०८० बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत शिक्षातर्फ रु.१० करोड ४४ लाख ७६ हजार, स्वास्थ्य तर्फ २ करोड २६ लाख ४ हजार र पालिकाका तर्फका कर्मचारीको समेत रु.५ करोड १२ लाख ७६ हजार खर्च लेखेको छ । कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **करार सेवा -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठीपत्र ओसारपसार,सरसफाई,टेलिफोन, विद्युत र धाराको सञ्चालन तथा रेखदेख,पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख टाइपिङ वा क्म्प्युटरटाईप जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपर्नेमा सार्वजनिक निकायको व्यक्ति फर्म संस्था वा कम्पनिसँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिँदा त्यस्तो सेवाको आवश्यकता किसिम समयावधि गुणस्तर सेवा सञ्चालन विधि लाग्ने मोटामोटी खर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । सेवा प्रदायकले गरेको सेवाको अनुगमन गर्नुपर्ने व्यवस्था समेत छ । तर पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको देखिएन । त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरवन्दी कायम गरी पालिकाले यो वर्ष कम्प्युटर अधिकृत, ईन्जिनियर, नायब सुब्बा लगाएतका पदमा कर्मचारी करारमा नियुक्ति गरी करार सेवा शुल्कमा रु. १ करोड २५ लाख खर्च गरेको छ । पालिकाका लागि आवश्यक जनशक्ति सम्बन्धमा लोक सेवा आयोगमा माग पठाएको जानकारी दिएतापनि करार नियुक्ती गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृतिले पालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ ।

| क्र.सं. | पद तह | संख्या | स्केल | यस बर्ष तलबभत्तामा भएको खर्च रकम |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | १ | ४३६८९ | ५२४२६८ |
| २ | रोजगार संयोजक | १ | ४३६८९ | ५२४२६८ |
| ३ | रोजगार सहायक | १ | ३४७३० | ४१६७६० |
| ४ | प्राविधिक सहायकरोजगार सेवा केन्द्र | १ | ३४७३० | ४१६७६० |
| ७ | सव- इन्जिनियर | १ | ३४७३० | ४१६७६० |
| १० | कम्प्युटरअपरेटर | १ | ३४७३० | ४१६७६० |
| ११ | सहायक कम्प्युटरअपरेटर | २ | २७६०० | ६६२४०० |
| १२ | अ.स.ई. | १ | ३२९०१ | ३९४८१२ |
| १३ | ल्याब अशिष्टेण्ट | ३ | १७००० | ६१२००० |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | | ३०३७९९ | ४३८४७८८ |
| कार्यक्रम तर्फ | | | | |
| १ | ना.प.स्वा.प्रा. | ३ | ३२९०२ | ११८४४७२ |
| २ | अपाङ्गता सहायतासहजकर्ता | २ | २२००० | ५२८००० |
| ३ | पोषण स्वयमसेवक | १ | २५००० | ३००००० |
| ४ | उद्यम विकास सहजकर्ता | २ | ३२९०२ | ७८९६४८ |
| ५ | ब्याक हो लोडर अपरेटर | १ | २९७२८ | ३५६७३६ |
| ६ | हल्का सवारी चालक | ३ | २७६०० | ९९३६०० |
| ७ | का.स. | ४ | २१००० | १००८००० |
| जम्मा | | | १९११३२ | ५१६०४५६ |

पालिकाको सेवा प्रवाहलाई आवश्यक जनशक्तिको यकिन गरी आवश्यकता र औचित्यका आधारमा करार सेवालाई व्यवस्थीत बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **कर्मचारी व्यवस्थापन -**
कार्यविवरण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गर्नु पर्दछ । पालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी संरचना अनुसारको पालिका, वडा कार्यालय र कृषि र पशु शाखाको लागि ८४ जना र ४० जना स्वास्थ्यतर्फ आधारभुत स्वास्थ्य र स्वास्थ्य ईकाई मा ११ जना गरि जम्मा स्वास्थ्य संस्थामा ५१ जना, वडा कार्यालयमा ३२ जना एक गाउँ एक कृषि तथा पशु प्राबिधिक ४ जना सामि परियोजनाका २ जना, लघु उधम विकास तर्फ २ जना, पोषण सहजकर्ता १ जना, सुचना अधिकृत १ जना र पञ्जिकरण तर्फ २ जना प्रधानमन्त्री रोजगार मा ३ जना गरि जम्मा दरबन्दि संख्या १५० रहेको देखिन्छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १५० जना कार्यरत रहेको देखिन्छ भने पदपूर्ती मध्ये पालिकामा पालिकाको अधिकृत र सहायक पदमा करार ९ जना, कार्यालय सहयोगी, हलुका सवारी चालक, हेभी सवारी चालक, हेरालु, स्विपर १३ जना गरि जम्मा २२ जना र संघिय सरकारको सशर्त कार्यक्रम एक गाउँ एक कृषि तथा पशु प्राबिधिक ४ जना सामि परियोजनाका २ जना, लघु उधम विकास तर्फ २ जना, पोषण सहजकर्ता १ जना, सुचना अधिकृत १ जना र पञ्जिकरण तर्फ २ जना प्रधानमन्त्री रोजगार मा ३ जना गरि जम्मा ३७ जना करारमा पद पुर्ति गरेको देखिन्छ र वडा कार्यालयको ३२ जना मध्ये स.क.अ. २ जना सामाजिक परिचालक ४ जना अ.स.ई १ कार्यालय सहयोगी ६ जना गरि जम्मा १३ जना र स्वास्य संस्साका ५१ जना मध्ये अनमी र अहेव १३ जना का.स. ६ जना गरि १९ जना कर्मचारीहरू करारमा पदपूर्ती गरेको देखिन्छ । आ.ब. ०८१/८२ मा स्थायी पदपुर्तिका लागि माग गरिएकोमा कुनै पनि कर्मचारीहरु पद पुर्ति भई नआएको देखिन्छ । पालिकाले आ.व. २०८१/८२ मा मिति २०८१/०३/१० को गाउँसभाबाट व्यवस्थापन सर्वेक्षण गरी विभिन्न सेवा/समुहमा गरी कुल १५० पद मात्र कायम गरेको र सो पद दर्ताको लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय कोशी प्रदेशमा जनाएको छ । पालिकामा कार्यरत रहि रहेका कर्मचारी आ.ब.२०८१/८२ को गाँउसभाबाट व्यवस्थापन सर्वेक्षण स्वीकृत समेत भएको अवस्थामा कर्मचारीको संख्या र पद यकिन गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३५ **आर्थिक सहायता -**
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्तिलाई रू.२लाख ८९ हजार ५०० आर्थिक सहायता वितरण गरेको देखियो। अधिकांश वितरण अध्यक्षको तोकआदेशबाट भुक्तानी गर्ने गरेको देखियो । अत यस्तो वितरणमुखी प्रकृतिको खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी खर्चको औचित्यसमेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययी तवरले खर्च गर्नुपर्दछ। साथै आर्थिक सहायता पाउनेको नाम नामेसी सहितको विवरण वेबसाइटमा सार्वजनिक गर्नुपर्दछ।

| कूल आन्तरिक आय | प्रशासनिक खर्च | आर्थिक सहायता | भैपरि आउने | पूँजिगत खर्च | आर्थिक सहायता प्राप्त गर्नेको | |
|---|---|---|---|---|---|---|
| | | | | | संख्या | रकम |
| ३,४९,७३,४१३.२३ | २३०२३८७५.४९ | २८९५०० | 0 | १,१६,६०,०३७.७४ | २६ | २८९५०० |

सैद्धान्तिक बेरुजु

३६ **अवकाश कोष –**
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजस्व बाँडफाटबाट कर्मचारी अवकास कोषमा रु.२० लाख ट्रान्सफर गरेको छ।कर्मचारीको मासिक तलवको १० प्रतिशत रकमले हुने बराबरको रकम गणना गरी जम्मा गर्नुपर्नेमा पालिकाले एकमुष्ट रकम दाखिला गरेको देखियो। अत पालिकाले तोकिए बमोजिमको रकम मात्र अवकाश कोषमा जम्मा गर्ने गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३७ **विविध खर्च -**
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष विविध खर्च अन्तर्गत रु. २८ लाख ६० हजार ५६८ खर्च गरेको छ।जुन आन्तरिक आयको ५८.४८ प्रतिशत देखिन्छ।खर्च भएको रकम मध्ये खाना खाजा लगायतका खर्चमा भुक्तानी भएको देखिन्छ । पालिकाले आफ्नो आन्तरिक आयको आकार र विविध खर्च बिचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३८ **ईन्धन खर्च -**
अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलब्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २९ मोटरसाइकल,. ३ गाडी र १ दमकल रहेकोमा इन्धन कार्यालय प्रयोजन शिर्षकमा रू. 12 लाख 76 हजार , ट्र्याक्टर इन्धनमा रु.२१३००,इन्धन बारुण यन्त्र र विपद भ्यानको लागी रु.३०७००, जेसिभीमा १० लाख र बडा नं१ देखी ८ सम्म गरी कुल रु.४ लाख ५९ हजार ५०० गरी कुल रु.२७ लाख ८७ हजार ५६२ इन्धनमा खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र दमकल, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा

Public Asset Management System (PAMS) को पुर्णरुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३९ **कानुनी परामर्श विज्ञ र स्वकिय सचिव-**

कोशी प्रदेशको पदाधिकारीको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ मा राजश्व संकलन तथा आवश्यकताको आधारमा एक जनासम्म स्वकीय सचिव राख्न सक्ने व्यवस्था रहेको देखिन्छ ।पालिकाले कानुनी परामर्श विज्ञमा एक र स्वकीय सचिवमा एक जनालाई नियुक्ती गरी रकम भुक्तानी गरेको देखियो । यसरी प्रदेश कानूनले राजश्व संकलनको अवस्था र कार्यवोझको आधारमा स्वकिय सचिव राख्न सक्ने व्यवस्था रहेको देखिएपनि पालिकाले कार्यववोझको लेखाजोखा गरेको देखिएन साथै कानुनी परामर्श विज्ञ राख्न सक्ने कानूनी व्यवस्था रहेको समेत नेदिएको र विगतको लेखापरीक्षणको क्रममा नियम सम्मत नदेखिएको भनी उल्लेख गर्दा पनि पालिकाले यस आर्थिक वर्षमा समेत निरन्तरता गरी बार्षिक रु.५६७९५७ भुक्तानी गरेको देखिन्छ। कानून विपरीत कानुनी परामर्श विज्ञ राखी भएको भुक्तानीलाई नियमसम्मत मान्न नसकिएको रु.

| अनियमित भएको | ५,६७,९५७ |
|---|---|

४० **बोलपत्र खोलेको बैठक भत्ता –**

अर्थ मन्त्रालयले जारी गरेको कार्यसञ्चालन निर्देशिका, २०८१ को दफा ४५ मा बैठक भत्ताको मापदण्डमा बैठकको विषयवस्तु र सोको गम्भिरता यकीन हुनुपर्ने उल्लेख छ। जसमा स्पष्ट विषयवस्तु,कार्ययोजना र कार्य क्षत्रगत शर्तको आधारमा बैठक बसेको हुनु पर्ने, बैठक कार्यालय समय अधि-पछि बसेको हुनु पर्ने, एकै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी बस्ने बैठकमा बैठक भत्ता प्रदान नगरिने ब्यवस्था रहेकोमा पालिकाले विभिन्न ठेक्काको बोलपत्र खोलेको भनी निम्न कर्मचारीलाई रु.४०००० मा करकट्टी गरी रु.३४००० भुक्तानी गरेको देखियो ।अत: बोलपत्र मुल्याङकनको बैठक भत्ता बुझेकोमा बोलपत्र खोलेको दिनको समेत बैठक भत्ता बुझेको देखिएकोले खोलेको दिनमा भुक्तानी भएको रकम सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.

| गौ.भौ./मिति | पद | नाम | बैठक संख्या | दर | करकटी बाहेको रकम |
|---|---|---|---|---|---|
| ३२२-२०८१।९।३ | प्र.प्र.अ. | लिलाराज श्रेष्ठ | ३ | १००० | २५५० |
| | इन्जिनियर | प्रवुद्ध कुमार यादव | ३ | १००० | २५५० |
| | लेखा अधिकृत | भुपध्वज रायमाझी | ३ | १००० | २५५० |
| | सव-इ | दिपेन्द्र कुमार श्रीवास्तव | ३ | १००० | २५५० |
| | सव-इ | राकेश कुमार यादव | ३ | १००० | २५५० |
| ५५८-२०८१।११।१२ | प्र.प्र.अ. | लिलाराज श्रेष्ठ | ५ | १००० | ४२५० |
| | इन्जिनियर | प्रवुद्ध कुमार यादव | ५ | १००० | ४२५० |
| | लेखाअधिकृत | भुपध्वज रायमाझी | ५ | १००० | ४२५० |
| | सव-इ | दिपेन्द्र कुमार श्रीवास्तव | ५ | १००० | ४२५० |
| | अधिकृत | भुवन सुवेदी | ५ | १००० | ४२५० |
| जम्मा | | | | | ३४००० |

| असुल गर्नुपर्ने | ३४,००० |
|---|---|

४१ **सुपरभाइजरको रकम भुक्तानी -**

पालिकाले निर्माणाधिन ५ शैयाको अस्पताल, पक्की मोटरेवल पुल लगायतको निर्माण कार्यको सुपरभाइजर गर्न भनी कार्यपालिकाको निर्णय बमोजिम कृषला लुङ्गेली मगरलाई मिति २०८१।८।२ गतेदेखी सहायक स्तर चौथो तहको तलव भत्ता भुक्तानी गर्ने गरी करार सम्झौता गरेको देखिन्छ।नियुक्ती गर्दा विषय समावेश नगरेको र न्यूनतम शैक्षिक योग्यता नतोकी कार्यपालिकाले निर्णय गरी करार सम्झौता गरेकोमा तलव भत्ता भुक्तानीमा डोर हाजिरी संलग्न गरी २०८२ असार मसान्तसम्ममा रु.२००७२६ भुक्तानी भएको देखिन्छ ।निजको मासिक तलव भत्ता भुक्तानीमा आफुले गरेको कामको सुपरभाइजर पेश नगरेको, पालिका तथा वडामा इन्जिनियर एवं सव इन्जिनियर रहेको र पाच शैयाको अस्पपतालको काम अगाडी नबढेको अवस्थामा सूचना प्रकाशन लगायतका कार्य नगरी कार्यपालिकाले निर्णय गरी सुपरभाइजरको लागी भएको भुक्तानी रकमलाई नियमसम्मत मान्न नसकिएको रु.

| अनियमित भएको | २,००,७२६ |
|---|---|

४२ **मोटरसाईकल मर्मत-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न भए वा नभएको कार्यालयले यकिन गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सवारी साधन मर्मत वापत बा-०२-००१ब-३८४४ दुईपांग्रे सवारी साधनको रु.९०००७ राज अटो सेन्टर उदयपुरलाई भुक्तानी दिएको छ । मर्मत आदेशमा वडाध्यक्ष ३ दिपेन्द्र दाहालको आवेदन माग बमोजिम मर्मत भएको देखिन्छ । लेखापरीक्षणको छलफलको क्रममा सो मोटरसाइकल दुर्घटनामा परेकोले एकै पटक यतिको मर्मत गर्नुपरेको जनाएको छ । मर्मत गर्नुभन्दा पहिला दुर्घटनाको प्रहरी मुचुल्का नभएको, अगिल्लो आ.ब.मा बीमा गरिएकोमा सो बीमा अवधीमा बीमा मागदाबी गरेको देखिएन अत बिमाको मागदावी नगरी दुर्घटनाको मुचुल्का तयार नगरी मर्मत गर्ने कार्य नियमसम्मत देखिदैन । मर्मत गर्नुभन्दा पहिला बीमा मागदावी लगायतका कागजात यकिन गरेर मात्र पालिकाले यस्ता खर्च लेख्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **सवारी मर्मत–**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ।पालिकाले निम्न नम्वरका सावरी साधन मर्मत गर्दा मर्मत मिति एकै समयको राखी रकम भुक्तानी भएको देखियो ।प्र-०१-००२ झ ५३३३ नं. को चारपाङ्गे सवारी साधन मिति २०८१।६।१७ गते रु.९९८८५ ।- भुक्तानी भएकोमा सो को १३ दिनमा नै पुन ९६२७९ खर्च भएको देखिन्छ । यसबाट पालिकाले लागत अनुमान तयार नगरी मर्मत गरी मर्मत रकम भुक्तानी गर्ने गरेको देखियो जसबाट पालिकाको आर्थिक क्रियाकलाप मितव्ययी तवरले खर्च गरेको देखिएन। पालिकाले लागत अनुमान तयार गरी तोकिएको ढाँचाको फारम राखेर मात्र खर्च लेख्नुपर्दछ।

| गौ.भौ./मिति | सवारी साधनको विवरण | मर्मत मिति | मर्मत गरेको फर्मको नाम | रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १८८-२०८२।७।८ | प्र-०१-००२ झ ५३३३ नं. को चारपाङ्गे सवारी | २०८१।६।१७ | राजदेवी अटो वर्क्स लाहान | ९९८८५ |
| १८९-२०८२।७।८ | प्र-०१-००२ झ ५३३३ नं. को चारपाङ्गे सवारी | २०८१।६।३० | राजदेवी अटो वर्क्स लाहान | ९६२७९ |
| १९२-२०८१।७।९ | ज-१-ज ३१८ जेसिवि | २०८१।६।२१ | हर्ष हेभी इक्युपमेन्ट सप्लायर्स लाहान | ९९३८३ |
| १९३-२०८१।७।९ | ज-१-ज ३१८ जेसिवि | २०८१।६।२२ | मनोज हेभी इक्युपमेन्ट पार्टस महोत्तरी | ९७७३१ |
| १९६-२०८१।७।९ | ज-१-ज ३१८ जेसिवि | २०८१।७।२ | मनोज हेभी इक्युपमेन्ट पार्टस महोत्तरी | ९७६५४ |
| जम्मा | | | | ४९०९३२ |

सैद्धान्तिक बेरुजु

४४ **दैनिक भ्रमण भत्ता -**

दैनिक भ्रमण खर्च नियमावली २०६४ को नियम ११ मा पदाधिकारी तथा कर्मचारी स्वीकृत भ्रमण आदेश बमोजिम भ्रमणमा रहेको अवधीमा कुनै पनि बैठक सेमिनार तथा गोष्ठीमा भाग लिन नपाउने व्यवस्था रहेको देखिन्छ । साथै नियम २३ मा झुट्टा विवरण पेश गरी भुक्तानी लिएमा दोब्बर रकम असुल गरिने व्यवस्था रहेको छ । पालिकाले विभिन्न भौचरबाट पदाधिकारी तथा कर्मचारीको दैनिक भ्रमण आदेश स्वीकृत गराई दैनिक भ्रमण वापतको रकम भुक्तानी गरेकोमा पुन सोही कर्मचारी कार्यालयको विभिन्न बैठक तथा कार्यक्रममा उपस्थिती भई बैठक भत्ता समेत लिएको देखिन्छ । यसरी दैनिक भ्रमण स्वीकृत गरी अन्यत्र गएको समयमा समेत पालिका भित्र रही बैठकको अध्यक्षता तथा उपस्थिती गरेको देखिएकोले यस्ता कार्यलाई नियन्त्रण गर्न पालिकाले विद्युतिय हाजिरीलाई अनिवार्य गरी हाजिर भिडान गरेरमात्र दैनिक भ्रमण वापतको रकम भुक्तानी गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । अत देहायका पदाधिकारी तथा कर्मचारीले पालिकाभित्रका बैठक तथा अन्य कार्यक्रममा उपस्थिती भई दैनिक भ्रमण भत्ता समेत भुक्तानी गरेको देखिएकोले दोहोरो सुविधा लिएको भत्ता रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| भौ.न./मिति | पद | भ्रमण गर्नेको नाम थर | रकम | देखिएको कैफियत विवरण |
|---|---|---|---|---|
| ५१-२०८१।६।९ | वडा सचिव नं.८ | मेख बहादुर लायो | १७०० | वडा समितिको २ वटा बैठकमा अनुपस्थित रहदा समत बैठक भत्ता भुक्तानी |
| ८८-२०८१।६।११ | वडाध्यक्ष वडा नं.६ | पृथ्वी कुमार राई | ७५०० | मिति २०८१।६।३ देखी ६।९ सम्म वडा समितिको बैठकमा उपस्थित भएकोमा सोहि मितिमा दैनिक भ्रमण भत्ता रकम समेत भुक्तानी भएको |
| | स्रोत शिक्षक | माधव वहादुर राउत | ७५०० | भाद्र २४ र २५ गतेको शिक्षक छनौट समितिको बैठकमा उपस्थिती हुनुभएकोमा विद्यालय अनुगमन भनी २०८१।५।२४ देखी ५।३० सम्म दैनिक भ्रमण विल भुक्तानी भएकोले असुल |
| २००-२०८१।७।११ | स्रोत शिक्षक | देवेन्द्र वहादुर राया | ७५०० | २०८१।६।१६ देखी ६।२२ सम्म विद्यालय अनुगमन भनी भ्रमण बिल भुक्तानी भएकोमा सो अवधिमा दशैंको विदा परेको देखिएको |
| २९८-२०८१।८।१४ | स्रोत शिक्षक | माधव बहादुर राउत | ७५०० | २०८१।६।१६ देखी ६।२२ सम्म विद्यालय अनुगमन भनी भ्रमण बिल भुक्तानी भएकोमा सो अवधिमा दशैंको विदा परेको देखिएको |
| ५३१-२०८१।११।६ | कार्यपालिका सदस्य | बर्तहिरा राई | २५५० | कार्यपालिकाल पदाधिकारी बैठक भत्ता भुक्तानी गर्दा मिति ०८१।५।३०, ६।४ र ६।१६ को बैठकमा अनुपस्थित हुँदा समेत भत्ता भुक्तानी |
| १२३२-२०८२।३।२३ | वडा सदस्य | अनिल मोते | ७५०० | मिति २०८२।३।६ देखी ३।१२ गते सम्म दैनिक भ्रमण खर्च लिनुभएकोमा ३।१० मा गाँउसभामा उपस्थिती हुनुभएको देखिएको । |
| | उपाध्यक्ष | भुपेन्द्र बहादुर थापा | १०००० | मिति २०८२।३।९ देखी ३।१५ सम्म दैनिक भ्रमण भत्ता भुक्तानी भएको देखिएकोमा ३।१० को गाँउसभामा उपस्थिती हुनुभएको देखिएको । |
| १२५२-२०८२।३।२४ | स्वीपर | सुनिल मरिक | १२५०० | मिति २०८२।२।४ देखी २।१० गते पालिकाको विभिन्न वडामा र ३।११ देखी ३।१७ गते गाइघाट गएको भनी दैनिक भ्रमण खर्च भुक्तानी गरेकोमा सो दुवै मितिको अविधमा कार्यालयमा रही हाजिरी पुस्तिकामा हाजिर गरेको । |
| जम्मा | | | ६४२५० | |

| असुल गर्नुपर्ने | ६४,२५० |
|---|---|

४५ **विद्युत महशुलमा जरिवाना –**

पालिकाले सभाबाट विद्युत तथा खानेपानी शिर्षकमा रकम बिनीयोजन गरेतापनि समयमा नै भुक्तानी नगर्दा यस बर्ष देहायका केन्द्रमा २५ प्रतिशतसम्म जरिवाना रकम समेत भुक्तानी गरेको देखिएको छ । समयमा नै रकम दाखिला नगरेको कारण विद्युत जरिवाना तिर्नुपर्ने अवस्था सृजना भएको देखिएकोले समयमा नै महशुल तिरी छुट लिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| भौ.न./मिति | विवरण | रकम | जरिवाना | कुल |
|---|---|---|---|---|
| १६२-२०८१।६।१६ | वडा नं. १ को विद्युत महशुल | ६२९३ | १५७३ | ७८६६ |
| २०७-२०८१।७।१३ | वडा नं ७ स्वास्थ्य चौकी | ४१८५ | १०४६ | ५२३१ |
| २७८-२०८१।८।४ | सडकबत्ती मुर्कुची बजार | १२७११० | ३१७७७ | १५८८८७ |

| | | | | |
|---|---|---|---|---|
| | रामलाल चौक सडक बत्ती | ३५०३४ | ८७५६ | ४३७९० |
| ५२०-२०८११११६ | प्रहरी चौकी संगमचौक | ७१९९ | १८०० | ८९९९ |
| ४५२-२०८११११०१९ | स्वास्थ्य चौकी लाफा गाँउ | २४८०० | ६२०० | ३१००० |
| | स्वास्थ्य चौकी भुटार | ५९६५ | १०३५ | ७००० |
| ४७१-२०८१११०११४ | गाउ कार्यापालिका भवन | २५११० | ६२७७ | ३१३८७ |
| ५१९-२०८११११६ | ७ नं. वडा कार्यालय | ११६४४ | २९११ | १४५५५ |
| जम्मा | | २४७३४० | ६१३७५ | ३०८७१५ |

सैद्धान्तिक बेरुजु

४६ **अन्य कार्यालयको खर्च -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्रभन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि निम्नानुसार खर्च गरेको मनासिब देखिएन । अन्य निकायमा खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । पालिकाले यसरी गरेको खर्च रकमलाई नियमसम्मत मान्न नसकिएको रु.

| गौ.भौ. | कार्यालयको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| २१६ | इलाका प्रहरी कार्यालय भुट्टार वडा नं. २ | मौलो पुजा | २०००० |
| २१८ | रौतापोखरी प्रहरी चौकी | मौलो पुजा | १५००० |
| ३२४ | जिल्ला कारागार उदयपुर | मौलो पुजा | २५००० |
| ५२० | प्रहरी चौकी संगम | विद्युत महशुल | ९००० |
| | प्रहरी चौकी वडा नं. ७ | मौलो पुजा | २०००० |
| ६०३ | साझा सेवा घर उदयपुर | सञ्चालन खर्च | ५०००० |
| ६११ | प्रहरी चौकी रौतापोखरी | संचार खर्च | ९००० |
| ८६२ | मालपोत कार्यालय उदयपुर | गाडी मर्मत | ४७९६८ |
| ८६८ | नेपाल घरेलु तथा साना उद्योग महासंघ उदयपुर | कार्यक्रम | १५००० |
| जम्मा | | | २१०९६८ |

अनियमित भएको | २,१०,९६८

४७ **नर्म्सको प्रयोग –**

कोशी प्रदेश सरकारले जारी गरेको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका २०७९ ले तालिम गोष्ठी सञ्चालन सम्बन्धी मापदण्ड तयार गरेको छ । जसमा स्टेशनरी वापत प्रति सहभागी रु.१०० खर्च गर्न सकिने उल्लेख भएकोमा पालिकाले विभिन्न तालिम संचालन गर्दा तोकिएको दररेट भन्दा बढी दररेट राखी रकम भुक्तानी गरेको देखिएकोले तोकिएको नर्म्सभन्दा बढी भुक्तानी भएको रकम सम्बन्धित कार्यक्रम संचालनकबाट असुल गर्नुपर्ने देखिएको रु.

| गौ.भौ. | विवरण | भुक्तानी रकम | विवरण | दिएको | दिनुपर्ने | फरक | संख्या | जम्मा | कार्यक्रम संचालन गर्ने कर्मचारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १०२६-२०८२।३।९ | बालबालिका तथा युवा लक्षित कार्यक्रम | १००००० | स्टेशनरी | २०० | १०० | १०० | ४९ | ४९०० | केशव कुमार मगर |
| १०३८-२०८२।३।११ | दलित शशक्तिकरण ऐन मस्यौदा तयारी | ११३९५० | डायरी/पेन | ४०० | १०० | ३०० | ६० | १८००० | विकल सिंह ठकुरी |
| जम्मा | | | | | | | | २२९०० | |

असुल गर्नुपर्ने | २२,९००

४८ **अनुगमन भत्ता –**

पालिकाले पदाधिकारीलाई मासिक सुविधामा प्रदेश कानूनले तोकिएको अनुगमन रकम अध्यक्ष,उपाध्यक्ष लगायतका जनप्रतिनिधीहरुलाई भुक्तानी गर्ने गरेको देखिन्छ । कर्मचारीले समेत समय समयमा विभिन्न कार्यक्रमको लागि वडाहरुमा गएको भनी दैनिक भ्रमण खर्च भुक्तानी भएको देखिन्छ । निम्न कार्यक्रम संचालन गर्दा कार्यक्रम संचालकले पदाधिकारी तथा कर्मचारीलाई अनुगमन गरेको भनी पुन थप रकम भुक्तानी गरेको देखिन्छ । यसरी कानूनमा नै उल्लेख भएको सुविधा लिएको तथा स्थलगत गएको समयमा दैनिक भ्रमण बिल समेत लिएर पुन कार्यक्रमबाट समेत अनुगमन भनी भत्ता रकम भुक्तानी लिने गरेको देखिएकोले सो रकम सम्बन्धित पदाधिकारी/कर्मचारीबाट असुल गर्नुपर्ने रु.

| भौ.न. | कार्यक्रमको नाम | अनुगमन रकम | कार्यक्रम संचालन गर्ने कर्मचारी |
|---|---|---|---|
| ९६६-२०८२।२।३० | आलुको परिकार दालमोट भुजिया बनाउने तालिम वडा नं ८ | २४००० | मञ्जु बस्नेत |
| १०१२-२०८२।३।५ | अभिमुखिकरण कार्यक्रम | ५००० | विकल सिंह ठकुरी |
| १०६५-२०८२।३।१६ | महिला लक्षित गुडिया तथा कुशन बनाउने तालिम | ८००० | विकल सिंह ठकुरी |
| १०८८-२०८२।३।१७ | आलुको परिकार दालमोट भुजिया बनाउने तालिम वडा नं २ | १६००० | मञ्जु बस्नेत |

| जम्मा | ५३००० | |
|---|---|---|

| असुल गर्नुपर्ने | ५३,००० |
|---|---|

४९ **उपभोक्ताको काम निर्माण व्यावसायीबाट गराएको-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१३क) बमोजिम उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसंग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समिति भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने ब्यवस्था छ। उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका सडक निर्माण सम्बन्धी सम्पुर्ण योजनाहरुको निर्माण कार्य निर्माण व्यवसायीबाट सम्पन्न गराई सो बमोजिमको विल पेशको आधारमा उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिन्छ।

| गोभौं/ मिति | उपभोक्ता समिति | भुक्तानी | निर्माण व्यवसायी | निर्माण व्यवसायीद्धारा पेश भएका विल रकम |
|---|---|---|---|---|
| १५, २०८१।९।१६ | सर्के हाँडिखोला सडक निर्माण वडा नं ४ | ४७३३४४ | टशिदेले कन्स्ट्रक्सन प्रा.लि | ५२८०९० |
| १७, २०८१।०९।१७ | वडाभरिको सहायक सडक मर्मत | १९०३५५ | रक्षा रचना निर्माण सेवा | २१२८६१ |
| १८, २०८१।९।१७ | वडा नं ३ को सहायक सडकहरु मर्मत संभार | ५६७१८५ | रक्षा रचना निर्माण सेवा | ६३११८२ |
| २७, २०८१।०९।२२ | वडा नं ४ वडाभरिको सहायक मोटरबाटो मर्मत उस | ४७८१९० | रक्षा रचना निर्माण सेवा | ५३३५१६ |
| ४२, २०८१।१०।९ | निकास बोलुङ्वा सिम्ले ज्यामिरे कुर्कुसे सडक | ४६६२६८ | टशिदेले कन्स्ट्रक्सन प्रा.लि | ५१९११८ |
| ४५, २०८१।१०।१० | ज्यामिरे सिम्ले निगाले सडक निर्माण | ९५८६६६ | टशिदेले कन्स्ट्रक्सन प्रा.लि | १०६७९७२ |
| ५६, २०८१।११।०६ | गोगने देखि बिसिनिसम्म मोटरबाटो निर्मा० | ८६५४४ | के.एन.एस. दाहाल निर्माण सेवा प्रालि | ९८६२० |
| ५७, २०८१।११।६ | निकास् लेखटोल वोलुङ्खामा नया ट्याक तथा मोडसुधार | ३०५९३३ | टशिदेले कन्स्ट्रक्सन प्रा.लि | ३५६२३७ |
| ६०, २०८१।११।१३ | ज्यामिरे सिम्ले निगाले सडक निर्माण उस | ६६५९५० | टशिदेले कन्स्ट्रक्सन प्रा.लि | ७४००४६ |
| ६४, २०८१।११।२० | बाटो सरसफाई तथा मर्मत उपभोक्ता समिति | ३६८१८९ | बिशाल होम निर्माण सेवा | ४०९६६७ |
| ६५, २०८१।११।२६ | साउनेपानी यामुटार फेदि सडक निर्माण | ३८२११५ | टशिदेले कन्स्ट्रक्सन प्रा.लि | ४२३५४२ |
| ७३, २०८१।१२।११ | कोप्चे झिरुडाँडा गोलढ्याक सडक निर्माण वडा नं ८ उस | ४७८४९१ | टशिदेले कन्स्ट्रक्सन प्रा.लि | ५३०९१५ |
| ७६, २०८१।१२।१२ | झिरुडाँडा कोप्चे सडक निर्माण तथा मर्मत उस | १३९८०४ | टशिदेले कन्स्ट्रक्सन प्रा.लि | १५९७३१ |
| ७७, २०८१।१२।१२ | झिरुडाँडा गोलढ्याक सडक निर्माण वडा नं ८ उस | २८४१६६ | टशिदेले कन्स्ट्रक्सन प्रा.लि | ३१९५४२ |
| ८७, २०८१।१२।२० | ओखेनी फेदी बतासे सडक निर्माण उस | ४३४५८९ | रेम्स निर्माण सेवा एण्ड सप्लायर्स प्रा लि | ४८३८८९ |
| ८९, २०८१।१२।२१ | हरियाली टोल विकास संस्था | १८०२०८ | रक्षा रचना निर्माण सेवा | २००७३३ |
| ९१, २०८१।१२।२२ | माझखर्च टोल विकास संस्था | २७९४४१ | रक्षा रचना निर्माण सेवा | ३१०६१२ |
| ९२, २०८१।१२।२२ | ओखेनी बाकुना हुँदै भिरकुना सडक निर्माण योजना | ४५७६०० | टशिदेले कन्स्ट्रक्सन प्रा.लि | ५०९६१३ |
| १०५, २०८२।१।७ | साईपा खोल्सी देखि आहालडाँडा सडक निर्माण तथा मर्मत उस | २७२३७९ | दमन देव सुपर यारी कन्स्ट्रक्सन कम्पनी प्रा लि | ३०६०७३ |
| ११४, २०८२।१।१२ | टाटने ठाडाखोला रचने माझखर्क सडक स्तरउन्नती तथा मर्मत उस | ४६२७७१ | दमन देव सुपर यारी कन्स्ट्रक्सन कम्पनी प्रा लि | ४३२४३५ |

| | | | | |
|---|---|---|---|---|
| ११५, २०८२।१।१४ | आहालडाँडा डाँडाटोल हुँदै आवि डिल्लिवर सडक मर्मत तथा निर्माण | ३५८००१ | टशिदेले कन्स्ट्रक्सन प्रा.लि | ३९८१०३ |
| १२६, २०८२।१।२३ | उदौडाँडा गेरबारी मझैडाँडा सडक निर्माण उस | ४७१३१८ | रेम्स निर्माण सेवा एण्ड सप्लायर्स प्रा लि | ५२४१३७ |
| १३१, २०८२।१।२४ | रमिते जिरे टोल बिकास संस्था | ५८७६४१ | दमन देव सुपर यारी कन्स्ट्रक्सन कम्पनी प्रा लि | ६५४७१८ |
| १४९, २०८२।२।११ | बयम्मा हल्ले मोटरबाटो निर्माण उस | ५६७८६८ | बिशाल होम निर्माण सेवा | ६३२०३३ |
| १६२, २०८२।२।११ | चौतारा चितुम्पा सडक स्तरउन्नती | १८९७७९ | टशिदेले कन्स्ट्रक्सन प्रा.लि | २१०७४८ |
| १५६, २०८२।२।१८ | आवि बसेरी जोड्ने सडक निर्माण | १८००५६ | बिशाल होम निर्माण सेवा | २००४४३ |
| १५८, २०८२।२।१८ | भाते माथिल्लो निगाले सडक निर्माण मर्मत | ९३८८६ | बिशाल होम निर्माण सेवा | १०४६०९ |
| १५९, २०८२।०२।१९ | वडाभरिका सडक मर्मत | २८४७५८ | रक्षा रचना निर्माण सेवा | ३१७३७४ |
| १६२, २०८२।२।२० | उदाँडाँडा गेरबारी मझौडाँडा सडक निर्माण उस | ९५७७० | रेम्स निर्माण सेवा एण्ड सप्लायर्स प्रा लि | १०६४६२ |
| १८०, २०८२।२।२६ | घोल्ती घारी जरंगे विद्यालय हुँदै आहाल डाँडा सडक मर्मत उस | ३१९६१४ | टशिदेले कन्स्ट्रक्सन प्रा.लि | ३५५६५७ |
| १९४, २०८२।३।१ | फिरौती डाँडाबारी सिन्कौले ग्रामिण सडक उस | २३९६५१ | टशिदेले कन्स्ट्रक्सन प्रा.लि | २६६६६७ |
| २४०, २०८२।३।१९ | सगरमाथा टोल विकास संस्था उन्युघारी | ३०५०५९ | रेम्स निर्माण सेवा एण्ड सप्लायर्स प्रा लि | ४८८३६८ |
| | | १,१६,२५,५८९ | | १,३०,३३,७१३ |

उपभोक्ता समितिबाट भएका सडक निर्माण सम्बन्धी सम्पुर्ण योजनाहरुमा लागत सहभागिता समेत खाम्ने गरी निर्माण व्यवसायिको विल पेश भएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिकाले जटिल प्रकृतिको कार्य पुष्टि नभएको तथा सम्पुर्ण योजनाहरुमा सत प्रतिशत कार्यमा निर्माण व्यवसायीको बिल पेश भएको र सो बमोजिम रु. १,१६,२५,५८९ भुक्तानी भएको छ। पालिकाले उपभोक्ता समितिले गर्नुपर्ने सतप्रतिशत काम निर्माण व्यवसायी मार्फत कार्य सम्पन्न गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५० **प्राविधिक विल र कार्यसम्पन्न-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै बिल बिजकको भुक्तानि गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको उपभोक्ता विलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले नापी किताबमा उल्लेख भएबमोजिम वास्तविक काम भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। साथै प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका ईन्जिनियरिङ नर्म्स अनुसार विलमा खुलाउनुपर्ने सम्पुर्ण विवरण उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले ईन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको विल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउँनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५१ **सम्पादित कार्यको गुणस्तर-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत सम्पादन गरिने कार्यको प्रक्रिया र भुक्तानी विधि उल्लेख छ । पालिकाले उपभोक्ता समितिमार्फत कार्य गराउँदा स्थानीय श्रममुलक प्रविधिको कार्य, जटिल प्रकृति बाहेकका कार्य, क्षमता अभिवृद्धिसँग सम्बन्धित कार्यका अलावा विशेष प्रविधि र ज्ञान आवश्यक पर्ने प्रकृतिका कार्य गर्दा गराउँदा पुरा गर्नुपर्ने न्यूनत्तम मापदण्ड र गुणस्तरका सम्बन्धमा स्पष्ट किटान गर्ने गरेको छैन्। उपभोक्ता समितिले गरेका ग्याविन जालि निर्माण, भवन निर्माण, बाटो निर्माण लगायतका कार्यमा गर्नुपर्ने ल्याब परीक्षण गरेका छैन। पालिकाले उपभोक्ता समितिसँग गर्ने सम्झौतामा नै सम्पन्न गर्नुपर्ने कामको गुणस्तरियता, मितव्ययिता र दिगोपना सम्बन्धमा उल्लेख गरी सोबमोजिम भए नभएको चेकजाँच र मूल्याङ्कन गर्नुपर्नेमा गरिएको पाईएन। पालिकाले उपभोक्ता समितिबाट कार्य गराउँदा गुणस्तर सुनिश्चितता हुने गरी सम्पन्न गराउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५२ **योजना हस्तान्तरण र मर्मत सम्भार –**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिमार्फत गरेका कार्यको सम्झौतामा सम्पन्न भैसकेपछि हस्तान्तरण हुने व्यवस्था गरेको छैन । पालिकाले आफ्नो संलग्नतामा सञ्चालन भएका योजनाको आर्थिक वर्ष खुल्ने गरी अभिलेख राख्ने पद्धति नभएको, सञ्चालनमा रहेका

र सम्पन्न भएका योजनाको एकीकृत अभिलेख भिडान गरी समयवद्ध अनुगमन गरी तोकिएको उद्देश्यवमोजिम सञ्चालन भए नभएको यकिन गर्ने नगरेकोले हस्तान्तरण र मर्मत सम्भारको व्यवस्था प्रभावकारी देखिएको छैन। स्थानीय तहमा उपभोक्ता समितिहरु पटके रुपमा गठन भई कार्य सम्पन्न पश्चात अस्तित्व नै भए नभएको यकिन नहुने अवस्थामा हस्तान्तरण र मर्मत सम्भारका व्यवस्था कानुनै सीमित भएको छ। निर्मित संरचनाको संरक्षण, प्रभावकारी परिचालन तथा त्यसको दिगो उपयोगका लागि पालिकाले योजना हस्तान्तरण र मर्मत सम्भार प्रणालीलाई प्रभावकारी प्रयोगमा ल्याउनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५३ **रोजगारी सृजना-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा वा सोसम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिलाई तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिमार्फत कार्य गराउँदा सम्झौतामा लाभान्वित जनसंख्या, रोजगारीको अवस्था, स्थानीय स्तरमा श्रम र सामाग्रीको उपलब्धता लगायतको विश्लेषण गरी सोको आधारमा सम्झौता गर्ने र सम्झौताबमोजिम कार्य भए नभएको मूल्याङ्कन गर्ने गरेका छैन्। सम्झौताको फारामलाई औपचारिक्तामा उपयोग गर्दा सञ्चालित योजनाबाट के कति संख्यामा रोजगारी श्रृजना भएको छ भन्ने तथ्याङ्क प्राप्त हुने अवस्था रहेको छैन। योजना कार्य सञ्चालनको क्रममा डोर हाजिरका आधारमा रोजगारीको अवस्था यकिन गर्नसक्ने अवस्था छैन । डोर हाजिरलाई पेश गरिने बिल भरपाईको अंग पुरा गर्ने औजारको रुपमा प्रयोग गरेका डोर हाजिरमा काम गर्ने कामदारको नागरिक्ता, बाबु बाजे वा पति पत्नी उपभोक्ताको नाम, वतन आदि नखुलाउने गरेको कारण प्रस्तुत गरेका कामदार वास्तविक हुन् भनी यकिन गर्नसकिने अवस्था छैन । यसले गर्दा रोजगारी श्रृजनाको अवस्था यकिन हुन सकेन। उपभोक्तामार्फत सञ्चालनमा आएका योजना तथा कार्यक्रममा रोजगार प्राप्तिको अवस्था खुल्ने गरी अभिलेख राख्ने व्यवस्था गरिनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५४ **जस्तापाता वितरण कार्यक्रम-**

पालिकाले ठेक्का नं. RRM/NCB/Goods/10/2081-082 बाट रु. ४७,९८,१११ मा ३५२० थान जस्ता पाता, २५३० फिट CGI Rinde कभर, ३०२.५ केजी किल्ला(काटी) तथा ३३० पाकेट बिटुमिन वासर खरिद गरी वितरण गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्

५४.१ रौतामाई गाउँपालिकाको खरको छाना विस्थापित गरी जस्तापाता वितरण कार्यान्वियन कार्यविधि, २०८० मा खरको छाना विस्तापित गरी जस्ताको छाना बनाउनेको लागि लाभग्राही छनौटको आधार तथा विधि सम्बन्धी व्यवस्था रहेको छ। कार्यविधि अनुसार लाभग्राही छनौट गर्दा अनुसूची १ बमोजिम आफ्नै वा परिवारको स्वामित्वमा जग्गा, फुस/खरको छाना, सरकारी जागिरे, बैदेशिक रोजगार, पेन्सनर नभएको, जेष्ठ नागरिक, एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक भएका, प्राकृतिक प्रकोप (आगलागी) जस्ता सम्भाव्य सुक्खा क्षेत्रहरुमा घर भएका जस्ता सूचकहरु बाट आएको अंङ्कभारको आधारमा लाभग्राही छनौट गर्नुपर्ने, छनौट भएका लाभग्राहिसँग अनुसूची २ बमोजिम सम्झौता गर्नुपर्ने र कार्यसम्पन्न भएपछि अनुसूची ३ बमोजिमको प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले कार्यविधिले तोकेको प्रकृया पालना नगरी खरिद गरेको जस्तापाता तथा अन्य सामाग्री वडा कार्यालयहरुलाई हस्तान्तरण गरी वडा कार्यालयलहरुबाट वितरण गरेको देखिन्छ। पालिकाले कार्यविधि वमोजिम लाभग्राही छनौट गरेको, छनौट भएका लाभग्राहीसँग सम्झौता गरेको तथा कार्यसम्पन्न भएको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ४७,९८,१११ |
|---|---|

५४.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। पालिकाले सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत पालिकाभित्र खर/फुसको छाना विस्तापित गरी जस्ताको छाना निर्माण गर्न आर्थिक बर्ष २०७८।७९ देखि आर्थिक बर्ष २०८१।८२ का ४ बर्षमा संघीय सरकारको अनुदान तथा पालिकाबाट विनियोजित बजेट सहित रु. २,६७,५३,८११ खर्च गरेको भएपनी पालिकासँग खर/फुसका घरको छाना भएका नागरिकहरुको विवरण छैन। खर/फुसका छानाबाट हालसम्म जस्तापाताको छाना भएका र बाँकी घरहरुको विवरण छैन। वितरण गरेको जस्तापाताको प्रयोगको अवस्था यकिन गरेको छैन। पालिकासँग आवश्यक तथ्याङ्क नहुदा खर्चको प्रभावकारीता नदेखिने भएकाले खर/फुसका घरको छाना भएका नागरिकहरुको विवरण संकलन गरी खरको छाना विस्थापित गरी जस्तापाता वितरण कार्यान्वियन कार्यविधि, २०८० बमोजिम सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन गर्दै उद्देश्य अनुरुप प्रगति प्राप्त गरेको, खर्चको प्रभावकारीता रहेको, आवश्यकता अनुरुप खर्च भएको सम्बन्धमा सुनिश्चित हुनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५५ **नमूना माध्यामिक विद्यालय-**

पालिकाको सहयोगमा नमूना माध्यामिक विद्यालय, मुर्कुची उदयपुरले सम्झौता गरेको ठेक्का नं. RRM/NCB/Works/02/2081-082 रहेको नमुना माध्यमिक विद्यालय स्कुल भवन निर्माणको लागि रु. १,५०,४६,७९८ लागत अनूमान स्वीकृत गरी प्रतिस्पर्धाबाट छनौट भएको सुभम निर्माण सेवासँग मिति २०८१।८।१० मा रु. ८९,०९,५०४ मा सम्झौता भएको देखिन्छ। निर्माण कार्यको सुरु सम्झौतामा कार्यसम्पन्न मिति २०८१।२।३० भएपनि विद्यायल व्यवस्थापन समितिबाट मिति २०८२। ०४।३० सम्म म्याद थप गरी कार्यस्वीकार गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु-

५५.१ **लागत अनुमान संशोधन-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(क) मा लागत अनुमान स्वीकृत गर्नु पर्ने र यसरी स्वीकृत लागत अनुमान तोकिएबमोजिम विशेष कारण बाहेक संशोधन गर्न नहुने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भई भेरिएशन आदेश जारी गर्नु पर्ने भएमा प्रकृया पूरा गरी जारी गर्नु पर्ने व्यवस्था छ। पालिकाले निर्माण व्यवसायिसँग गरेको कार्य सम्झौता (BOQ) अनुसार कार्य हुन नसक्ने अवस्थामा नियमबमोजिम भेरिएशन गर्न सकिने अवस्था छ। निर्माण व्यवसायिले सम्झौता बमोजिम कार्य नगरी न्यून परिमाणमा गरेको अवस्थामा पालिकाले रिभाइज स्टिमेट तयार गरी काम भएको परिमाणलाई नै BOQ बनाई सत प्रतिशत कार्य सम्पन्न भएको उल्लेख गरी कार्य स्वीकार तयार गरेको छ। भवन निर्माणको सम्झौता रकम रु. ८९,०९,५०४ रहेकोमा रु. ७८,६२,३५० अर्थात ८८.२४ प्रतिशत कार्य भएको अवस्थामा लागत अनुमान संशोधन तयार गरी सो कार्यलाई सत प्रतिशत कार्यसम्पन्न भएको प्रतिवेदन तयार गर्नु नियमसम्मत देखिदैन। सार्वजनिक खरिद ऐन, २०६३ दफा ५९ मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा खरिद सम्झौता अन्त्य गर्न सकिने व्यवस्था छ। खरिद सम्झौता अन्त्य गर्दा खरिद सम्झौता बमोजिमको काम निर्माण व्यवसायीले नगरेको कारणबाट सार्वजनिक निकायले सो काम गर्न वा गराउनका लागि लाग्ने थप खर्च बापत निजले व्यहोर्नु पर्ने दायित्व भराउन लगाउनु पर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माण कार्यको हकमा कम्तीमा ९० प्रतिशत भौतिक प्रगति भएको अवस्थामा मात्र कार्यस्वीकार गर्ने व्यवस्था रहेको छ।त्यस्तै नियमावलीको नियम १२८ मा सम्झौताबमोजिम कार्य नगरेमा सम्झौता अन्त्य गरी सम्झौता बमोजिमको काम नगर्ने निर्माण व्यवसायिको खर्चबाट त्यस्तो कार्य सम्पन्न गराउने व्यवस्था समेत रहेको छ। निर्माण व्यवसायिले सम्झौता बमोजिम कार्य नगर्दा ऐनको दफा ५९ र नियमावलीको नियम ११७ बमोजिम आवश्यक कारबाही नगरेको तथा नियम ११७ बमोजिम कन्तिमा ९० प्रतिशत कार्य सम्पन्न हुनुपर्ने व्यवस्था विपरित कार्य स्वीकार तयार गरेको देखिन्छ। सम्झौता बमोजिम रु. १०४७१५४ बरबारको कार्य बाँकी नै रहेको देखिन्छ। पालिकाले निर्माण व्यवसायिलाई सार्वजनिक खरिद कानुन बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १०,४७,१५४ |
|---|---|

५५.२ **पूर्वनिर्धारित क्षतिपूर्ती-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई पूर्वनिर्धारित क्षतिपूर्ती दिनुपर्ने व्यवस्था छ। यस निर्माण कार्यको कार्यसम्पन्न मिति २०८२।४।३० सम्म रहेकोमा (पालिकाले नमुना विद्यालयको सम्पुर्ण रकम आर्थिक बर्ष २०८१।८२ मै भुक्तानी गरेको तर कार्य सम्पन्न आर्थिक बर्ष २०८२।८३ भएपनी लेखापरीक्षण अवधिमा श्रेस्ता पेश भएको) कार्यस्विकार प्रतिवेदनमा कार्य सम्पन्न मिति २०८२।५।५ रहेकोले कार्यसम्पन्न गर्नुपर्ने अन्तिम मिति भन्दा ५ दिन पछि कार्य सम्पन्न भएकाले नियमबमोजिम रु. २२२७३ पूर्वनिर्धारित क्षतिपूर्ती लाग्ने देखिन्छ। पूर्वनिर्धारित क्षतिपूर्ती सम्बन्धित निर्माण व्यवसायिबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २२,२७३ |
|---|---|

५६ **पुँवारेभन्ज्याङ देखि भुट्टार सडक निर्माण-**

पालिकाले ठेक्का नं. RRM/NCB/Works/13/2080-81 रहेको पुँवारेभन्ज्याङ, पाण्डु धमिनि हुदै भुट्टार सडक निर्माणको लागि रु. २,०२,२९,७२८ लागत अनुमान स्वीकृत गरी प्रतिस्पर्धाबाट छनौट भएको गलान/नविता एण्ड लोप्चन जे.भि.सँग मिति २०८०।९।१७ मा रु. १,४९,००,३११ मा सम्झौता भएको देखिन्छ। निर्माण कार्यको सुरु सम्झौतामा कार्यसम्पन्न मिति २०८१।२।२५ भएपनि मिति २०८१।१२।१५ सम्म म्याद थप गरी पालिकाले कार्यस्वीकार गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन्:

५६.१ **निर्माण कार्यको गुणस्तर-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५७ मा सार्वजनिक निकायले विल/विजकको भुक्तानी गर्दा खरिद सम्झौताको अधिनमा रही तोकिएबमोजिम दिनु पर्ने व्यवस्था छ। पालिकाले च नं १३०० मिति २०८१।११।१८ को गलान/नविता एण्ड लोप्चन जे.भि.लाई पठाएको पत्रमा मिति २०८१।११।१६ र मिति २०८१।११।१८ मा गाउँपालिकाको प्राविधिक टोलिबाट सडकको निरीक्षण हुँदा निर्माण सामग्री सिमेन्ट र बालुवा बिड डकुमेन्ट्स र वि.ओ.क्यु (BOQ) मा उल्लेख भए अनुसारको स्पेशिफिकेशन अनुसार नभएको र प्राविधिक टोलिबाट फिल्डमा गई पटक पटक मौखिक रुपमा उक्त निर्माण सामग्रीहरु प्रयोग नगर्न जानकारी गराएको भएपनि अटेर गरी Hume Pipe Culvert, Cross-drainage, Stone massory drain को संरचनाहरुमा प्रयोग भईरहेको हुनाले तत्काल उक्त कार्य बन्द गरी स्पेशिफिकेशन अनुसारको निर्माण सामाग्रीहरु फिल्डमा उपलब्ध गराई प्राविधिकबाट र ल्याब परीक्षण गराई मात्र प्रयोग गर्नहुन अन्यथा उक्त संरचनाहरुको भुक्तानी नगरिने उल्लेख छ। साथै पालिकाको चनं १४१६ मिति २०८१।१२।११ मनमोहन टेक्निकल युनिभर्सिटी बुद्धिनगर-४ मोरङलाई निर्माण कार्यको आवश्यक सबै स्टान्डर मापदण्ड पुरा हुने गरी ७, १४ र २८ दिनको Cube Test को ल्याब परीक्षण गरिदिन अनुरोध गरेको मिति पश्चात ल्याब परीक्षण प्रतिवेदन पेश नभएको देखिन्छ। निर्माण व्यवसायिले गुणस्तरीय कार्य भएको प्रमाणित हुने कागजात, ल्याब टेस्ट तथा प्राविधिकबाट गुणस्तरिय कार्यको पुष्टाई वेगर कार्य स्वीकार गरी पालिकाले उल्लेखी गुणस्तर प्रमाणित नभएका कार्यहरु बापत रु. ४८,२०,६८५ भुक्तानी गरेको पाईयो। त्यस्तै पालिकाले च नं १४५४ मिति २०८१।१२।१३ मा गलान/नविता एण्ड लोप्चन जे.भि.लाई पठाएको पत्रमा मिति २०८१।१२।१३ मा गाउँपालिकाको प्राविधिक टोलिबाट सडकको निरीक्षण हुँदा BOQ को Construction work को आईटम नं १४ Gravel Work (Rolling with Vibration Roller) as per Drawing and Technical Specification मा उल्लेख भए अनुसारको कार्य नभएको र प्राविधिक टोलिबाट फिल्डमा गई पटक पटक मौखिक रुपमा BOQ मा उल्लेख भए अनुसार ग्राभेल कार्य गर्न निर्देशन दिंदा समेत अटेर गरी सडकको Side Cutting बाट आएको ढुँगा, माटो प्रयोग गरी ग्राभेल गर्ने कार्य गरिरहेको हुँदा सोको भुक्तानी गर्न नसकिने व्यहोरा उल्लेख गरेको छ। साथै पालिकाले च नं १५९५ मिति २०८२।१।५ मा पूर्वाधार विकास कार्यालय, गाईघाट, उदयपुरलाई पत्र पठाई ग्राभेल कार्यको मोटाई परीक्षण गरिदिन अनुरोध गरेकोमा कार्यालयले परीक्षण गरेको पाईएन। यसरी ग्राभेल कार्यको सम्झौता बमोजिमको मापदण्ड पुरा नगरी पालिकाले ५६८.८६ घनमिटरको रु. 540417 भुक्तानी गरेको पाईयो। पालिकाले निर्माण सामग्री सिमेन्ट, बालुवा र ग्राभेल बिड डकुमेन्ट्स र BOQ मा उल्लेख भए अनुसारको स्पेशिफिकेशन अनुसार नभएको पुष्टिहुँदा हुदै जम्मा मुअकर सहति रु. ६०,५८,०७६ भुक्तानी दिएको छ। यसरी सम्झौताको शर्त बमोजिम कार्य नभएको अवस्थामा भुक्तानी भएको रकम पालिकाले यकिन गरी सबै कार्यको ल्याब परीक्षण सहित गुणस्तरीय कार्य भएको पुष्टि गर्नुपर्ने रु.

| सिमेन्ट बालुवा प्रयोग भएको कार्य | रकम |
|---|---|
| PCC M10 | ६६३७४ |
| PCC M15 | ८९१३३८ |
| Rubble Stone Massonary works in cement 1:4 CM | ३८६३००० |
| Gravel Work | ५,४०,४१७ |
| जम्मा | ५3,६1,129 |
| मुअकर | 696946 |
| कुल | ६0,58,076 |

| प्रमाण पेश नगरेको | ६०,५८,०७६ |
|---|---|

५६.२ **ग्राभेल कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ। प्राविधिकबाट सम्झौता बमोजिमको कार्य नभएको जानकारी पश्चात समेत अन्तिम ठेक्का विलबाट ग्राभेल कार्यको लागि २१६.०८ घनमिटर कार्यको मूल्य अभिवृद्धि कर सहित रु. २,३१,९६१ भुक्तानी गरेको छ। यसरी सम्झौताको शर्त बमोजिम कार्य नभएको पुष्टि हुँदा हुदै सम्बन्धित निर्माण व्यवसायिलाई भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २,३१,९६१ |
|---|---|

५६.३ **निर्माण सम्पन्न-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा खरिद सम्झौता अन्त्य गर्न सकिने व्यवस्था छ। खरिद सम्झौता अन्त्य गर्दा खरिद सम्झौता बमोजिमको काम निर्माण व्यवसायीले नगरेको कारणबाट सार्वजनिक निकायले सो काम गर्न वा गराउनका लागि लाग्ने थप खर्च बापत निजले व्यहोर्नु पर्ने दायित्व भराउन लगाउनु पर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माण कार्यको हकमा कम्तीमा ९० प्रतिशत भौतिक प्रगति भएको अवस्थामा मात्र कार्यस्वीकार गर्ने व्यवस्था रहेको छ।त्यस्तै नियमावलीको नियम १२८ मा सम्झौताबमोजिम कार्य नगरेमा सम्झौता अन्त्य गरी सम्झौता बमोजिमको काम नगर्ने निर्माण व्यवसायिको खर्चबाट त्यस्तो कार्य सम्पन्न गराउने व्यवस्था समेत रहेको छ। यस निर्माण कार्यको सम्झौता रकम रु. १,४९,००,३११ रहेकोमा सम्झौता बमोजिमको कार्य नगरी रु. १,२९,८२,८५५ अर्थात ८७.१३ प्रतिशत कार्य भएको अवस्थामा नै पालिकाले कार्यस्वीकार गरेको छ। निर्माण व्यवसायिले सम्झौता बमोजिक कार्य नगर्दा ऐनको दफा ५९ र नियमावलीको नियम ११७ बमोजिम आवश्यक कारबाही नगरेको तथा नियम ११७ बमोजिम कम्तिमा ९० प्रतिशत कार्य सम्पन्न हुनुपर्ने व्यवस्था विपरित कार्य स्वीकार तयार गरेको देखिन्छ। सम्झौता बमोजिम रु. १९,१७,४५६ बरबारको कार्य बाँकी नै रहेकोले अवस्थामा कार्यपालिकाको निर्णयले ९० प्रतिशत कार्य सम्पन्न भएको उल्लेख गरी कार्य स्वीकार गरेको छ। सम्झौता बमोजिम रु. १९,१७,४५६ बराबरको कार्य

बाँकी नै रहेको अवस्थामा भौतिक प्रतगि पुरा भएको सम्बन्धमा पालिका सुनिश्चित हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५६.४ **कटिङ कार्यको भुक्तानी-** सडक विभागबाट जारी स्टान्डर्ड स्पेशिफिकेसन अफ रोड एण्ड ब्रिज २०७३ को बुँदा नं ९१७ मा सडक निर्माण गर्दा कटिङ र फिलिङको परिमाण नापी गर्दा एकै चेनेजमा कटिङ र फिलिङ गर्नुपरेमा कटिङ गर्दा फिलिङ गर्ने गरी कटिङ गर्नुपर्ने र कटिङ परिमाणमा फिलिङको परिमाण घटाई नापी तयार गरी भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले यस निर्माण माटो फिलिङ गरी इम्बाङ्कमेन्ट तयार गर्ने कार्यको लागि रकम भुक्तानी गर्दा कटिङमा फिलिङको परिमाण नघटाई रु. ८७,०५१ (मुअ कर समेत) बढी भुक्तानी दिएको छ। बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायिबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ८७,०५१ |
|---|---|

५६.५ **ठेक्काको म्याद थप-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था छ। यसरी म्याद थप गर्दा काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा निर्माण व्यवसायिले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तिमा २१ दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने तथा उल्लेखित अवस्थाहरु देखिएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले अवधि र कारण खुलाई म्याद थप गर्न सकिने व्यवस्था छ। मिति २०८१।११।६ मा म्याद थपको लागि प्राविधिक टिप्पणीमा मिति २०८१/०२/२५ गते सम्म कार्य सम्पन्न हुने गरी सम्झौता भएकोमा सो अवधिमा निर्माण व्यवसायीले मू.अ.कर सहित रु.१,०४,१७,८९१।४३ को (६९.९२ प्रतिशत) मात्र काम सम्पन्न गरि बिल भुक्तानी लगे पश्चात यस पालिकाबाट प.सं.०८१/०८२, च.नं.२८९, मिति २०८१/०५/१६, प.सं.०८१/०८२, च.नं.२९७, मिति २०८१/०५/१७ निर्माण व्यवसायीलाई कारवाही गरी कालो सूचीमा राख्न सिफारिस किन नगर्ने सम्बन्धमा पत्राचार भएको र यस सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालय, केसरमहल, काठमाण्डौलाई प.सं.०८१/०८२, च.नं.३०४, मिति २०८१/०५/१८ सो सम्बन्धमा राय परामर्श माग भएकोमा उक्त कार्यालयले प.स.०८१/०८२, च.नं. MNPI४०१, मिति २०८१/०६/०४ मा जानकारी सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियमहरू बमोजिम गर्नुहुन जानकारी गराएको, मिति २०८१/०७/३० मा निर्माण व्यवसायीले म्याद थपका लागि पालिकामा पत्राचार गरेकोमा मिति २०८१/०८/०१ को गाउँकार्यपालिकाको बैठकले २०८१/०९/२९ सम्म उक्त ठेक्काको म्याद थप गरेको तत्पश्चात पनि निर्माण व्यवसायीले फिल्डमा काम शुरू नगरेपछि पालिकाबाट च.न.७२२, मिति २०८१/०८/१२ गते यथाशिघ्र काम संचालन गर्ने बारे ताकेता पत्र, च.न.८२१, मिति २०८१/०८/२८ गते लिखित जवाफ पेश गर्ने बारे, च.न.९८९, मिति २०८१/०९/२६ गते जानकारी सम्बन्धमा पत्राचार भएकोमा सम्बन्धित निर्माण व्यवसायीले मिति २०८१/०९/२९ मा काम शुरू नै नगरी फाइनल आइ.पि.सि. को माग सम्बन्धमा पालिकामा निवेदन मात्र पेश गरेको र पालिकाले सो सम्बन्धमा च.नं.१००७, मिति २०८१/१०/०३ गते काम नै शुरू नगरी काम सम्पन्न भएको भनी झुठो विवरण पालिकमा निवेदन मात्र पेश गरेको हुनाले ठेक्काको शर्त तथा सम्झौता, सार्वजनिक खरिद ऐन, नियम बमोजिम कारबाही भई जाने व्यहोराको जानकारी गराइएको सम्बन्धमा पत्रचार भएको र निर्माण व्यवसायीले सो सम्बन्धमा कुनै प्रतिक्रिया नजनाएको, तत् सम्बन्धमा निर्माण व्यवसायीले सम्झौताको शर्त तथा सम्झौता बमोजिम काम नगरेको हुनाले उक्त ठेक्काको सम्झौता अन्त्य गरी निज निर्माण व्यवसायीलाई कालो सूचिमा राख्न सिफारिस गर्ने र निज निर्माण व्यवसायीको बैंक जमानतपत्र रकम रू.१९,००,००० र ५ प्रतिशत धरौटी रकम रू.४,६१,४१९ जफत गर्ने र सार्वजनिक खरिद ऐन, नियम अनुसार नयाँ ठेक्का लगाउँदा बैंक जमानतपत्र रकम र ५ (पाँच) प्रतिशत धरौटी रकम जफत गर्दा सो रकमबाट अपुग रकम निज निर्माण व्यवसायी संग असुल उपर गर्ने गरी कारबाही हुन निर्णयार्थ पेश गर्दछौ भनी प्राविधिबाट टिप्पणी उठेको छ। साथै मिति २०८१।११।७ मा निर्माण व्यवसायिले म्याद थपको लागि पेश गरेको पत्र (पालिकामा दर्ता नं. ११०७) मा प्रमुख प्रशासकीय अधिकृतले सम्झौता बमोजिमको कार्य गर्ने विश्वसनीय आधार नदेखिएको व्यहोरा सहित गाउँपालिका अध्यक्ष समक्ष रायको टिप्पणी पेश भएको देखिन्छ। यद्यपी कार्यापालिकाले निर्माण कार्यको म्याद मिति २०८१।१२।१५ सम्म थप गरेको छ। प्राविधिबाट ठेक्का तोड्ने गरी सिफारिस भएको तथा प्रमुख प्रशासकीय अधिकृतबाट सम्झौता बमोजिम कार्य गर्ने विश्वसनीय आधार नदेखिएको राय पेश भएको अवस्थामा कार्यापालिकाबाट म्याद थप भएको आधार र कारण स्पष्ट देखिदैन। पालिकाले म्याद थपको आधार र कारण स्पष्ट पार्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

५७ **सोझै खरिद -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिदलाई प्याकेजमा समावेश गर्ने व्यवस्था छ । नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी तोकिएको सीमाभन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था रहेको र नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने यकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले निम्नानुसार मालसामान तथा निर्माण कार्य सोझै खरिद गरेको देखियो।सोझै खरिद गर्दा मुल्यमा एकरुपता नहुने,प्रतिस्पर्धा नहुने देखिन्छ । पालिका तथा वडाले सामान खरिद गर्दा फोटोकपी पेपरको मुल्यमा विविधता हुनेगरी सामाग्री खरिद गरेको छ । एउटा फर्मसँग ६५० मा खरिद भएकोमा पुन अर्को फर्मसँग खरिद गर्दा ७५० सम्ममा खरिद गरेको देखिन्छ । जसबाट वास्तविक मुल्य कति हो यकिन गर्न नसकिने भएकोले पालिकाले बर्षको शुरुवातमा नै सूचिकृत फर्मसँग दररेट माग गरी सोहि बमोजिम प्रतिस्पर्धात्मक मुल्यमा खरिद गर्नुपर्दछ । सोझै खरिद हुँदा लागत अनुमानकै हाराहारीमा सम्झौता र भुक्तानी हुने भएकोले सार्वजनिक निकायले प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्नु हुदैंन।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ५७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ८ वटा वडामा १२ वटा योजना सञ्चालन गरी यस वर्ष ६५ जनालाई औसत ९७ दिनले ६३४० दिन रोजगारी उपलब्ध गराई रु.४२३५२४४ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५९ **सहकारी अनुगमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ३४ वटा कृषि, बहुउध्देशीय र अन्य प्रकृतिको सहकारी संस्था रहेका छन्।पालिकामा ८ वटा सहकारी दर्ता भएको छन भने अन्य सहकारी संस्थाहरु अद्यवधिक तथा नविकरण भएको छैन ।कुनै पनि सहकारी संस्थाहरु एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) आवध्द भई सञ्चालन भएको छैन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश नभएको हुँदा सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ पालना गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६० **सक्कल बिजक बेगर भुक्तानी** (९४७-2082-02-28):
मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्काउटको सामाग्री खरिदको लागि नमुना मा.वि.मुर्कुचीलाई भुक्तानीको कागजातामा बिजकको छाँया प्रति संलग्न गरी सुनेसा स्टोर्स काठमाडौको रु. ५९,११० रकम भुक्तानी भएको देखिएकोले सो कारोबारको सक्कल बिजक पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५९,११० |
|---|---|

६१ **शीर्षक फरक पारी खर्च लेखेको –**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नु पर्ने र एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार कार्यालयले सम्बन्धित खर्च शीर्षकमा बजेट विनियोजन गरेरमात्र खर्च संकेतको वर्गीकरण र व्याख्या अनुसार खर्च लेख्नुपर्नेमा सो नगरी अन्य शिर्षकबाट समेत खर्च लेखेको देखिन्छ। यसरी शीर्षक फरक पारी लेख्ने कार्य नियमसम्मत देखिएन। नियमसम्मत नदेखिएको उक्त खर्चलाई नियमित गर्नुपर्ने रु.

| भौ.न./मिति | खर्च भएको शिर्षक | खर्च हुनुपर्ने शिर्षक | व्यहोरा | रकम |
|---|---|---|---|---|
| ८३३-२०८२।३।१ | विविध खर्चबाट | बिजुली पानी | विजुलीको बिल भुक्तानी | ११५००० |
| ९७५-२०८२।३।२ | विविध खर्चबाट | विद्युत महशुल | बिजुली बिल भुक्तानी | १२९२०० |
| १०७८-२०८२।३।१७ | मसलन्द तथा कार्यालय सामाग्री | मर्मत | जेनेटर मर्मतको भुक्तानी | ५११५५० |
| जम्मा | | | | २९५७५० |

| अनियमित भएको | २,९५,७५० |
|---|---|

६२ **औषधि खरिद –**
पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला गरेको मिति लगायतका विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायका फर्महरुबाट रु.१२३११३७ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीको उपयोगको अवधी र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

| भौ.न. | खरिद गरेको फर्मको नाम | औषधीको प्रकार | रकम |
|---|---|---|---|
| ९५४ | नागरिक आरोग्य सेवा केन्द्र मुर्कुचीको लागि औषधि झापा | रबिन आयुर्बेदिक पसल | १४७८७४ |
| ९६५ | औषधी तथा सर्जिकल सामाग्री खरिद | रेड लोटस मेडि सेल्स विराटनगर | ७४८०५४ |
| ४६९ | मानसिक रोगीहरुको लागि औषधि लगाएत अन्य व्यवस्थापन खर्च | प्रनिशा मेडिसिन डिष्ट्रीब्यूटर्स | २३६७४० |
| ६४२ | गर्भवती महिला, सत्केरी महिला, नवजात शिशु र बालबालिकाहरुको लागि अत्यावश्यकीय औषधि तथा सर्जिकल सामग्रीहरु | लोटस इन्टरप्राइजेज | ९८४४९ |
| जम्मा | | | १२३११७ |

सैद्धान्तिक बेरुजु

६३ **निर्मित संरचनाको अभिलेख-**
पालिकाले आफ्नो क्षेत्राभित्र रहेका भवन,कल्भर्ट, सडक लगायतका संरचनाहरूको निर्माण एवं सञ्चालन अवस्था र लागत खुलाई अभिलेख राखेको देखिएन। निर्मित, निर्माणाधीन एवं प्रस्तावित संरचनाको अभिलेख, सोको सञ्चालन अवस्था, मर्मत सम्भार कार्य योजनाका लागि आवश्यकता पहिचान, सर्वेक्षण, विस्तृत डिजाइन तथा लागत अनुमान तयार, जी.पी.एस. को माध्यमले निर्माणस्थल पहिचान र अभिलेख खुल्ने व्यवस्था मिलाउने कार्य शुरु भएको छैन। अन्तर निकाय समन्वय गरी संरचना निर्माणमा दोहोरोपनाको अन्त्य तथा जी.पी.एस. बाट देखिने गरी अभिलेख व्यवस्था मिलाउनुपर्दछ । त्यसैगरी नयाँ निर्माण भएका र वर्षेनी मर्मत सम्भार गरिएका संरचनाहरुको अवस्था, लागत तथा मर्मत खर्चसमेत खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६४ **हुरेण्डेक कार्यक्रम-** (१२२६-2082-03-23):
मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई तोकिएको ढाँचामा कर विजक दिनु पर्ने व्यवस्था छ। पालिकाले मानव अधिकार र वातावरण विकास केन्द्र (हुरेण्डेक) सँग विभिन्न कृषि कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरी रु. ११,९५,४२६ लागत अनुमानमा पालिकाले रु. ५,०६,००० साझेदारी गर्नुपर्ने सम्झौता गरेको छ। पालिकाले केन्द्रलाई कार्यक्रम सञ्चालनको साझेदारी बापत रु. ५००००० भुक्तानी गर्दा मानव अधिकार र वातावरण विकास केन्द्र (हुरेण्डेक) संस्था मुल्य अभिवृद्धि करमा दर्ता (३०१६०२०३५) भएको देखिएपनि मु.अ. कर विजक जारी नगरी भुक्तानी गरेको पाईयो। साथै पालिकाले कुन कार्यक्रममा के कति खर्च भएको यकिन नगरी साझेदारी बापतको रु. ५००००० भुक्तानी गरेको देखिन्छ। हुरेण्डेकबाट कार्यक्रम अन्तर्गतका कृयाकलापमा भएको यथार्थ खर्चको विवरणका साथै कार्यक्रम सञ्चालन बापत हुरेण्डेकलाई भुक्तानी भएको रकमको मुअ कर विजक पेश गर्नुपर्ने रु.

| अनियमित भएको | ५,००,००० |
|---|---|

६५ **बढी भुक्तानी-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले चौतारा चितुम्पा सडक स्तरउन्नति उपभोक्ता समितिलाई All types of Soil कार्यको प्रति घनमिटर रु. ८१ दरले भुक्तानी गर्नुपर्नेमा रु. १०५ राखि भुक्तानी गर्दा २००७.१४ घनमिटर कार्यमा रु. ४८१७१ बढी भुक्तानी भएको देखिन्छ। बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४८,१७१ |
|---|---|

६६ **उपाध्यक्षसँग सुत्केरी भेटघाट कार्यक्रम –**

उपाध्यक्षसँग सुत्केरी भेटघाट कार्यक्रमका लागि पालिकाले मिति २०८१।११।७ मा कार्यपालिकाबाट स्वीकृत गरी रु.४००,०००।– विभिन्न खाद्य सामाग्री खरिदमा खर्च गरेको देखिन्छ । सो कार्यविधीले २०८१ सालभरीका सुत्केरीसँग भेटघाटमा हलुवा, दलिया,खिर र खिचडीको सेट भएको पोसिलो झोला वितरण गर्नेभनी कुल १४५ झोला र बच्चाको न्यायो लुगा समेत खरिद भएको छ । पालिकाले २०८१ असार १५ भन्दा पछाडीको सबै सुत्केरी महिलालाई भेटघाट गरेको देखिन्छ । पालिकाले संघिय शसर्तबाट समेत सुत्केरी महिलाको लागि न्यानो झोला र पोष्टिक आहार खरिद गरी वितरण गरिरहेकोले एउटै प्रकृतीको कार्य दोहोरो भएको देखिन्छ । सुत्केरी भएको कति अवधिभित्र भेटघाट गर्ने हो कुनै समय सिमा नतोकि २०८१ असार १५ गते सम्मका सुत्केरीलाई २०८१ फाल्गुणमा भेट्दा करिव ८ महिना व्यतित भएको देखिएकोले निश्चित समयभित्र गरिसक्नुपर्ने काम बर्षभित्र गर्दा कार्यक्रमको प्रभावकारीता न्यून हुने भएकोले संघीय सरकारको कार्यक्रमसँग दोहोरो नपरेको सुनिश्चित हुन सेवा लिएका लाभग्राहीको विवरण पालिकाको वेभसाइटमा समेत प्रकाशन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६७ **शिक्षा तर्फ**

६७.१ **विद्यालयलाई रकम निकासाः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ताका लागि ससर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । चालु समनिकरण अनुदानबाट विद्यालयलाई रकम निकासा गर्दा स्वीकृत दरवन्दी, शिक्षक विद्यार्थि अनुपात र शिक्षक नियुक्ति प्रतिस्पर्धात्मक विधिबाट हुनु पर्दछ ।पालिकाबाट यस वर्ष गाँउ स्वयमसेवक शिक्षक ८ जना नियुत्त गरी रु २२८०६६५ खर्च लेखेको पाइयो । पालिकाले शिक्षक विद्यार्थि अनुपात विश्लेषण गर्दा केही ठुला विद्यालय वाहेक सवै विद्यालयमा शिक्षक विद्यार्थी अनुपात न्यून रहेको देखिन्छ ।विद्यार्थी संख्या न्यून भएता पनि विषय शिक्षक र कक्षा व्यवस्थापनको लागी शिक्षक आवस्यक परेर शिक्षक राखिएको देखिन्छ ।पालिकाले विद्यालय एकिकरण गर्ने, शिक्षक व्यवस्थापन गर्ने , पालिकाको शिक्षक दरवन्दि मिलान गर्ने र आवस्यक दरवन्दि प्राप्त गर्ने तर्फ पहल गर्नु पर्ने देखिन्छ ।

| विद्यालयकोनाम | पालिका अनुदान शिक्षक संख्या | निकाशा रकम |
|---|---|---|
| सिद्धिगणेश आ.वि. हात्तिपाइले | १ | २२४४६६ |
| कालिकादेवी मा.वि. कालिमाटी | १ | २३५९९९ |
| रौता जनता मा.वि. बोलुङ्वा | २ | ५२०००० |
| श्री माविमाझखर्क | १ | २६०००० |
| श्री आविजागिरभित्ता | १ | २६०००० |
| श्री जनज्योतिआवि आखेनी | १ | २६०००० |
| धर्मध्वज थापा आ.वि. कोप्चे | १ | २६०००० |
| दावाधेछ्येन छ्योलिङ आ.वि. धाङ्ले | १ | २६०००० |

| सैद्धान्तिक बेरुजु |
|---|

६७.२ **शिक्षक दरबन्दी र पदपुर्तिः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| क्र.सं. | दरबन्दीकाप्रकार | तह | जम्मादरवन्दी | स्थायी | अस्थायीकरार | राहतकरार | संघीयअनुदान | प्राविधिकधार |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक | १-५ | १५१ | ८७ | १२ | ५२ | ० | ० |
| २ | निम्नमाध्यमिक | ६-८ | ५९ | १४ | २ | २९ | १२ | २ |
| ३ | माध्यमिक | ९-१० | ५० | ७ | ४ | १४ | २३ | २ |
| ४ | माध्यमिक | ११-१२ | ११ | | ७ | | | ४ |
| | | | २७१ | १०८ | २५ | ९५ | ३५ | ८ |

पालिकाले अस्थाई करार तर्फको २५ जना शिक्षक शिक्षा सेवा आयोग माग गर्नु पर्ने र दरवन्दि पुनरावलोकन गरी विद्यालय शिक्षालाई व्यवस्थित वनाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६७.३ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवंम पूर्वाधार व्यवस्थापन**

(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर : कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

(ख) निजि विद्यालय व्यवस्थापन :राष्ट्रिय शिक्षा नीति,२०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निजी विद्यालय

व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन।अतःपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ।

(घ) अनुगमन : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ। पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन।

सैद्धान्तिक बेरुजु

६७.४ **शिक्षक विद्यार्थी अनुपातः** शिक्षा नियमावली २०५९ को नियम ९२ को शिक्षक विधार्थी अनुपात अनुसार सोहि नियमावलीको अनुसूची १२ वमोजिमको दरबन्दी एकिन गर्नुपर्ने प्रावधान रहेको छ ।नेपाल सरकारवाट तयार गरिएको विद्यालय क्षेत्र सुधार योजनाले शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रमा १:३०,पहाडी क्षेत्रमा १:३५ र तराई तथा उपत्यकामा १:४० रहनु पर्ने उल्लेख छ । नगरपालिका अन्तर्गत पालिका अनुदान प्राप्त सबै विधालयहरुको दरबन्दी र विधार्थी सहितको शिक्षक बिद्यार्थी अनुपात बिबरणः

| सि.न. | विद्यालयकोनाम | वडानं. | तह | शिक्षकसंख्या | विद्यार्थीसंख्या | शिक्षकविद्यार्थीअनुपात | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जनजागृतीआवि कर्कुसे | ६ | प्रा.वि.१-५ | ३ | ३६ | १२ | |
| | | | नि.मा.वि.६-८ | १ | ३२ | ३२ | अनुदान१जना |
| २ | सिद्धिगणेशआवि हात्तिपाइले | ५ | प्रा.वि.१-५ | ३ | २८ | ९.३३ | |
| | | | नि.मा.वि.६-८ | १ | १४ | १४ | अनुदान१जना |
| ३ | युवाआवि ढुकुरचुंग | ५ | प्रा.वि.१-५ | ३ | ३४ | ११.३३ | |
| | | | नि.मा.वि.६-८ | १ | १२ | १२ | अनुदान१जना |
| ४ | आ.वि.कुर्लेटार | ५ | प्रा.वि.१-५ | २ | १७ | ८.५ | |
| ५ | पशुपतिमा.वि. डाँडागाँउ | ५ | प्रा.वि.१-५ | ३ | ४९ | १६.३३ | अनुदान१जना |
| | | | नि.मा.वि.६-८ | ४ | ५५ | १३.७५ | |
| | | | मा.शि. ९-१० | ३ | ६० | २० | |
| | | | उ.मा.वि.११-१२ | २ | ९३ | ४६.५ | |
| ६ | कालिकादेवीमा.वि. कालिमाटी | ५ | प्रा.वि.१-५ | ४ | ६१ | १५.२५ | अनुदान३जना |
| | | | नि.मा.वि.६-८ | २ | ६८ | ३४ | |
| | | | मा.शि. ९-१० | ३ | ४४ | १४.६७ | |
| ७ | जनज्योती आ.वि. पाथिभरा | ६ | प्रा.वि.१-५ | २ | १९ | ९.५ | |
| ८ | रामलक्ष्मण आ.वि. फोक्सिन्टार | ५ | प्रा.वि.१-५ | २ | २७ | १३.५ | |
| 9 | रौताजनता मा.वि. बोलुङ्गा | ६ | प्रा.वि.१-५ | ४ | ५२ | १३ | |
| | | | नि.मा.वि. ६-८ | १ | ५६ | ५६ | अनुदान१जना |
| | | | मा.वि.९-१० | ३ | ३८ | १२.६७ | अनुदान२जना |
| १० | जलकन्या आ.वि. कर्ताभञ्ज्याङ | ५ | प्रा.वि.१-३ | १ | २४ | २४ | एकमुष्ट |
| ११ | सिद्धआ.वि. माझटोल | ५ | प्रा.वि.१-५ | २ | २४ | १२ | |
| १२ | आ.वि. चिसापानी | ५ | प्रा.वि.१-३ | ० | ९ | | ECD १जनामात्रछ |
| १३ | ज्योती आ.वि. आहाले | | प्रा.वि.१-५ | ३ | ३१ | १०.३३ | |
| | | | नि.मा.वि. ६-८ | १ | १५ | १५ | अनुदान१जना |
| १४ | जनतामा.वि. रसुवा लाफागाँउ | ३ | प्रा.वि.१-५ | ३ | ७४ | २४.६७ | |
| | | | नि.मा.वि. ६-८ | ४ | ४९ | १२.२५ | |
| | | | मा.वि. 9-१० | ३ | ४३ | १४.३३ | |
| | | | उ.मा.वि.११-१२ | १ | ४४ | ४४ | |
| १५ | रसुवा मा.वि. भुट्टार | | प्रा.वि.१-५ | ४ | ७४ | १८.५ | |
| | | | नि.मा.वि.६-८ | ४ | ६९ | १७.२५ | |
| | | | मा.शि.९-१० | ५ | १११ | २२.२ | |
| | | | उ.मा.वि.११-१२ | २ | ७९ | ३९.५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | जनतामा.वि. नौले | ३ | प्रा.वि.१-५ | ३ | ५० | १६.६७ | |
| | | | नि.मा.वि. ६-८ | ३ | २१ | ७ | |
| | | | मा.वि. 9-१० | ३ | ४१ | १३.६७ | अनुदान२जना |
| १७ | भैरुङ आ.वि.भोर्लेनी | ३ | प्रा.वि.१-५ | २ | १५ | ७.५ | |
| १८ | अन्नपुर्णआ.वि. भालुपकवान | ३ | प्रा.वि.१-५ | ३ | २६ | ८.६७ | |
| १९ | सहकला आ.वि. फार्से | ३ | प्रा.वि.१-५ | २ | १७ | ८.५ | |
| २० | जनता आ.वि. बलिन्टार | ३ | प्रा.वि.१-३ | १ | १५ | १५ | एकमुष्ट |
| २१ | बालकन्या आ.वि. टाट्ने | १ | प्रा.वि.१-५ | १ | १५ | १५ | |
| २२ | कौशिकामा.वि. धर्मे | ३ | प्रा.वि.१-५ | ३ | ४४ | १४.६७ | |
| | | | नि.मा.वि. ६-८ | ३ | ५२ | १७.३३ | |
| | | | मा.वि. 9-10 | ३ | ३१ | १०.३३ | अनुदान३जना |
| २३ | पञ्चकन्याआ.वि. डहर | १ | प्रा.वि.१-५ | २ | ४९ | २४.५ | |
| २४ | महाकाली आ.वि. ठाडाखोला | १ | प्रा.वि.१-५ | ३ | ४३ | १४.३३ | |
| | | | नि.मा.वि. ६-८ | १ | २५ | २५ | अनुदान१जना |
| २५ | सरस्वती आ.वि. बोजेपानी | १ | प्रा.वि.१-५ | ४ | ४२ | १०.५ | |
| | | | नि.मा.वि. ६-८ | १ | २२ | २२ | अनुदान१जना |
| २६ | महेन्द्र मा.वि. नामेटार | १ | प्रा.वि.१-५ | ३ | ६५ | २१.६७ | |
| | | | नि.मा.वि. ६-८ | ३ | ३८ | १२.६७ | |
| | | | मा.वि. 9-१० | ३ | २२ | ७.३३ | |
| २७ | मा.वि. माझखर्क | १ | प्रा.वि.१-५ | ३ | ७६ | २५.३३ | |
| | | | नि.मा.वि. ६-८ | २ | ७३ | ३६.५ | |
| | | | मा.वि. 9-१० | ३ | ४५ | १५ | अनुदान३जना |
| २८ | पद्मावतीआ.वि. रमिते | १ | प्रा.वि.१-५ | १ | १५ | १५ | |
| २९ | महेन्द्र मा.वि. रसुवा पोखरी | ४ | प्रा.वि.१-५ | ४ | ६५ | १६.२५ | |
| | | | नि.मा.वि. ६-८ | ४ | ४५ | ११.२५ | |
| | | | मा.वि. 9-१० | २ | ४४ | २२ | अनुदान१जना |
| २० | सरस्वतीमा.वि. मालबाँसे | ४ | प्रा.वि.१-५ | ३ | ४१ | १३.६७ | |
| | | | नि.मा.वि. ६-८ | २ | ४८ | २४ | |
| | | | मा.वि. 9-१० | ३ | २७ | 9 | अनुदान३जना |
| ३१ | सहकला आ.वि. बसेरी | ४ | प्रा.वि.१-५ | ३ | ४१ | १३.६७ | |
| ३२ | जाल्पा आ.वि. नचने | ४ | प्रा.वि.१-५ | ३ | ३७ | १२.३३ | |
| | | | नि.मा.वि. ६-८ | १ | २८ | २८ | अनुदान१जना |
| ३३ | दिपेन्द्र आ.वि. सेर्के | ४ | प्रा.वि.१-५ | १ | १९ | १९ | |
| ३४ | पद्मावती आ.वि. भदौरे | ४ | प्रा.वि.१-५ | ४ | ४९ | १२.२५ | |
| | | | नि.मा.वि. ६-८ | १ | ३३ | ३३ | |
| ३५ | मा.वि. सल्ले | ४ | प्रा.वि.१-५ | ५ | ५१ | १०.२ | |
| | | | नि.मा.वि. ६-८ | ३ | ७६ | २५.३३ | |
| | | | मा.वि. ९-१० | ३ | ४९ | १६.३३ | अनुदान१जना |
| ३७ | पद्मावती आ.वि. रखुवा | ६ | प्रा.वि.१-५ | १ | १४ | १४ | |
| ३७ | दिव्यज्योती आ.वि. निगाले | ४ | प्रा.वि.१-५ | १ | २५ | २५ | एकमुष्ट |
| ३८ | आ.वि. जरङ्गे | ८ | प्रा.वि.१-५ | २ | १९ | ९.५ | |
| ३९ | नमूना मा.वि. मुर्कुची | ८ | प्रा.वि.१-५ | ७ | १८३ | २६.१४ | |
| | | | नि.मा.वि. ६-८ | ४ | २३२ | ५८ | |
| | | | मा.वि. ९-१० | ५ | १८७ | ३७.४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | उ.मा.वि. ११-१२ | २ | २४९ | १२४.५ | |
| ४० | आ.वि. नामन्ता | ७ | प्रा.वि.१-५ | ३ | १७ | ५.६७ | |
| | | | नि.मा.वि.६-८ | १ | ९ | 9 | अनुदान१जना |
| ४१ | जनता सानाकिसान आ.वि. पुवाँरेडाँडा | ७ | प्रा.वि.१-५ | ४ | ६० | १५ | |
| ४२ | लालिगुराँस आ.वि. धुरुङचिङ | ६ | प्रा.वि.१-५ | २ | १७ | ८.५ | |
| ४३ | मा.वि. भारतजोर पाँवु | ८ | प्रा.वि.१-५ | ३ | ५९ | १९.६७ | |
| | | | नि.मा.वि. ६-८ | २ | ६२ | ३१ | |
| | | | मा.वि. ९-१० | ३ | ३४ | ११.३३ | अनुदान३जना |
| ४४ | जनता मा.वि. रौता रानिबास | ७ | प्रा.वि.१-५ | ४ | ३८ | ९.५ | |
| | | | नि.मा.वि. ६-८ | ३ | ४१ | १३.६७ | |
| | | | मा.वि. 9-१० | २ | २४ | १२ | अनुदान१जना |
| ४५ | जनता आ.वि. डिल्लिबर | | प्रा.वि.१-५ | २ | १७ | ८.५ | |
| ४६ | धर्मध्वज थापा आ.वि. कोप्चे | ७ | प्रा.वि.१-५ | ४ | १०५ | २६.२५ | |
| | | | नि.मा.वि. ६-८ | १ | ४८ | ४८ | अनुदान१जना |
| ४७ | जनता आ.वि. गुराँसे | ८ | प्रा.वि.१-५ | ३ | ६८ | २२.६७ | |
| ४८ | नवज्योती आ.वि. राजाबास | ७ | प्रा.वि.१-६ | ४ | ७७ | १९.२५ | |
| ४९ | दिव्या ज्योती आ.वि. खमारे | ८ | प्रा.वि.१-३ | १ | १८ | १८ | एकमुष्ट |
| ५० | दावाधेछेन छ्योलिङ आ.वि. धाङ्ले | ७ | प्रा.वि.१-५ | ३ | ५९ | १९.६७ | |
| ५१ | आ.वि. यामुटार | ८ | प्रा.वि.१-५ | २ | ४६ | २३ | |
| ५२ | आ.वि. डुम्रिथुम्का | ७ | प्रा.वि.१-५ | २ | ३८ | १९ | |
| ५३ | पद्मावती आ.वि. काउलेटार | ५ | प्रा.वि.१-३ | १ | ३० | ३० | |
| ५४ | आ.वि. जागिरभित्ता | २ | प्रा.वि.१-५ | १ | २७ | २७. | |
| ५५ | दिपेन्द्र आ.वि. रामेटार | २ | प्रा.वि.१-५ | २ | ३७ | १८.५ | |
| ५६ | जनज्योती आ.वि. ओख्रेनी | २ | प्रा.वि.१-५ | ३ | ६१ | २०.३३ | |
| | | | नि.मा.वि. ६-८ | १ | २६ | २६ | अनुदान१जना |
| ५७ | आ.वि. गेरुडाँडा हर्रभञ्ज्याङ | २ | प्रा.वि.१-५ | २ | २५ | १२.५ | |
| ५८ | सहकारी आ.वि. सोरुखु | ३ | प्रा.वि.१-५ | २ | २२ | ११ | |
| ५९ | सिंहकाली आ.वि. पाकाना | ३ | प्रा.वि.१-५ | ३ | ४८ | १६ | |
| | | | नि.मा.वि. ६-८ | १ | ६० | ६० | अनुदान१जना |
| | जम्मा | | | २६५ | ५०१८ | | |

उल्लेखित शिक्षक विद्यार्थी अनुपात विश्लेषण गर्दा अधिकाम्स विद्यालयमा शिक्षक विद्यार्थी अनुपात न्यून देखिन्छ । केहि ठुला विद्यालयमा वाहेक सवै विद्यालयमा विद्यार्थी अनुपातमा शिक्षक संख्या वढि देखिन्छ ।न्युन विद्यार्थी भएका विधालयमा कार्यरत शिक्षकलाई बढि विधार्थी भएका विधालयमा दरबन्दी मिलान गरी तोकिए बमोजिम शिक्षक विधार्थीको अनुपात कायम गर्दै शिक्षक नपुग हुने अबस्था देखिएमा मात्रै पालिकाले अन्य उपयुक्त विकल्प अवलम्वन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६७.५ **दिवा खाजाः** पालिक तर्फ सञ्चलन हुने संघीय शिक्षा कार्यक्रम कार्यान्वन कार्यविधि २०८१।०८२ अनुसार स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालबालिकाहरुका लागि उपलब्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा प्रतिविद्यार्थी दैनिक रु १५ का दरले १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान व्यवस्था मिलाउने । स्थानीय तहले दिवा खाजामा उपलव्ध गराईएका विद्यार्थीहरुको दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यास अध्यक्षबाट प्रमाणीत गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने तेश्रो त्रैमासिकको निकासा गर्दा पहिलो र दोश्रो त्रैमासिकमा निकासा भएको रकम सदुपयोगको सुनिश्चित गर्न सवै विद्यालयका प्रधानाध्यापकहरुको बैठक राखी रहेको दिवा खाजा व्यवस्थापन पुस्तिका २०७७ जानकारी गराउने र सम्भव भए सम्म स्थानीय तहभित्रका सबै विद्यालयहरुमा एकै किसिमको मेनु व्यवस्थापनमा सहजिकरण गर्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष दिवा खाजा वापत ६० विद्यालयलाई रु ५८५२०५५ भुक्तानी दिएको छ । पालिकाले दिवा खाजाको मेनुमा एकरुपता तथा खर्चको सदुपयोगको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **गाँउ स्वय सेवक शिक्षक -**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ बमोजिम स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ताका लागि ससर्त अनुदान उपलब्ध गराउने व्यवस्था रहेको देखिन्छ । पालिकाले यस बर्ष १० जना गाँउ स्वय सेवक शिक्षकको तलवभत्ता वापत रु.२२८०,६६५ खर्च गरेको देखिन्छ। गाउँ कार्यपालिकाले मिति २०७९।१०।

२४ गते निर्णय गरी ९ वटा विद्यालमा स्वंय सेवक शिक्षक नियुक्त गरी मासिक रु.२०००० का दरले तलव भत्ता भुक्तानी गरेको देखिन्छ ।सो पश्चात नियुक्ती गरिएका विद्यालयबाट पुन विभिन्न मितिमा निर्णय गरी अन्यत्र समेत स्वयं सेवक शिक्षकहरुको सरुवा गरेको देखियो ।यसरी निर्णय गर्दा दरवन्दी भएको तर शिक्षक नभएकोले शिक्षक विद्यार्थी अनुपात बमोजिम राखेको भनी सरुवा गरेको भन्ने पालिकाले जानकारी दिएतापनि पालिकाले शिक्षक बिद्यार्थी अनुपात मिलाएको नदेखिएको, दरबन्दी मिलान नगरेको र पालिकाले गाँउ स्वंय सेवक शिक्षकको संचालन सम्बन्धी कुनै कार्यविधी समेत तयार नगरी एक विद्यालयको आवश्यकता देखाएर नियुक्ती पश्चात अन्यत्र सरुवा गरेको देखिएको र पालिकाको दरवन्दीमा रहेका मा.वि.वोलुङ्खाका शिक्षक देविन्द्र बहादुर राया र दावा छिरिङ्ग आ.बि.का शिक्षक माधव वहादुर राउतलाई स्रोत शिक्षकको रुपमा पालिकामा नै राखेको देखिन्छ। यसरी शिक्षा शाखामा दरवन्दी बमोजिम कर्मचारी रहेको अवस्थामा समेत विद्यालयका शिक्षकलाई स्रोत शिक्षक भनी राखेको र अर्कोतर्फ शिक्षक अभाव भनी गाँउ स्वंयसेवक शिक्षक नियुक्ति गरी रकम भुक्तानी भएको देखिएकोले दरवन्दी मिलान नगरी नियुक्ति गरी पारिश्रमिक भुक्तानी गरेको रकमलाई नियमसम्मत मान्न नसकिएको रु.

| सि.नं. | शिक्षकको नाम | सुरुको विद्यालयको नाम | सुरु नियुक्ति मिति | हाल कार्यरत विद्यालयको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुस्मिता राई | सिद्धिगणेश आ.वि. हात्तिपाइले | १०/१९/२०७९ | मिति २०८२/०१/२५ गते राजिनाम | |
| २ | चौगेन्द्र राई | युवा आ.वि. दुकुरचुङ | ११/१९/२०७९ | कालिकादेवी मा.वि. कालिमाटी | |
| ३ | सृजना मगर | रौता जनता मा.वि. बोलुङ्खा | ११/१९/२०७९ | रौता जनता मा.वि. बोलुङ्खा | |
| ४ | खड्ग बहादुर राया | ज्योती आ.वि आहाले | ११/१९/२०७९ | रौता जनता मा.वि. बोलुङ्खा | सरुवा दरबन्दि सहित |
| ५ | मनुमाया तामाङ | सिंहकाली आ.वि. पाकाना | ११/१९/२०७९ | श्री मावि माझखर्क | सरुवा दरबन्दि सहित |
| ६ | प्रतिमा दाहाल | श्री मावि पावुँ | ११/१९/२०७९ | श्री आवि जागिरभित्ता | सरुवा दरबन्दि सहित |
| ७ | सुमित्रा परियार | आवि डुम्रीथुङ्खा | ११/१९/२०७९ | श्री जनज्योति आवि आख्रेनी | सरुवा दरबन्दि सहित |
| ८ | इन्द्र कुमार तामाङ्ग | धर्मध्वज थापा आ.वि. कोप्चे | १०/१६/२०८० | धर्मध्वज थापा आ.वि. कोप्चे | |
| ९ | एकतामाया गुर्वछान मगर | दावाधेछ्येन छ्योलिङ आ.वि. धाङ्ले | ११/१९/२०७९ | दावाधेछ्येन छ्योलिङ आ.वि. धाङ्ले | |
| १० | लाल बहादुर मगर | सिद्धिगणेश आ.वि. हात्तिपाइले | ०२/२५/२०८२ | सिद्धिगणेश आ.वि. हात्तिपाइले | |

| अनियमित भएको | २२,८०,६६५ |
|---|---|

६९ **शिक्षा समन्वय समितिको बैठक -**

कोशी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका २०७९ को दफा ३ को (ङ) मा कार्यप्रकृतिको आधारमा मितव्ययी ढंगले न्यूनतम संख्यामा बैठक बसी कार्य सम्पन्न गर्नुपर्ने भनी उल्लेख गरेको छ। पालिकाले विभिन्न विद्यालयमा रिक्त पदको पदपुर्ति लगायतका विषयमा विषय विज्ञ सहितको बैठक पटक पटक बसी यो वर्ष रु.१५०००० रकम भुक्तानी गरेको छ । पालिकाले २०८१ भाद्र महिनामा मात्र देहाय बमोजिमको संख्यामा बैठक बसेको देखिन्छ । जसमा दिनको ३० वटा सम्म बैठक बसेको देखिन्छ । निर्देशिका बमोजिम एउटा बैठक कम्तीमा २ घन्टाको हुनुपर्नेमा सो समेत गणना गर्दा दिनमा ४ वटा वैठकमात्र संचालन हुनुपर्नेमा सो भन्दा अधिक संख्यामा बैठक बसेको देखिएकोले सो बैठक यथार्थपरक हो भनी भन्न सक्ने अवस्था देखिदैन ।

| बैठक मिति | संख्या |
|---|---|
| २०८१।५।१ | १५ |
| २०८१।५।२ | ७ |
| २०८१।५।९ | ७ |
| २०८१।५।१० | ३० |
| २०८१।५।११ | ९ |
| २०८१।५।२५ | ७ |
| २०८१।५।२६ | ६ |
| जम्मा | ८१ |

पालिकाले निर्देशिकाले तोकेको संख्यामा बैठक बसि खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७० **पशु औषधी खरिद र वितरणको अवस्था –**

पालिकाले विगत वर्षको आवश्यकता र यस वर्षको मागलाई समेत ध्यान दिएर आवश्यक औषधी समयमा नै खरिद गरी वितरण गर्नुपर्दछ ।पालिकाको आ.व २०८१/०८२ वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशुपंक्षी औषधी खोप खरिद गरेकोमा मिति २०८२/०३/२४ गते सम्म वितरण गरेको देखिन्छ ।सो पश्चात समेत वर्षान्तमा रु.१३०६५१.४ बराबरको खरिद भएका औषधी मौज्जाद अवस्थामा देखिएकोले खरिदको समयमा नै विगतको माग तथा अत्यावश्यक औषधी मात्र खरिद गर्ने र मौज्जाद रहन गएका औषधीको सुरक्षित भण्डारणको व्यवस्थापन गरी औषधीको म्याद भित्र नै वितरण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ७० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७१ **कृषि तथा पशु विकास अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषकवर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट पशुविकास तर्फ ८ वटा समुहलाई रु ८ लाख अनुदान पाएका छन । कृषि विकास तर्फ १६६७ लाभग्राहीले रु २४११००० अनुदान वितरण गरेको छ ।

| क्र.स | कार्यक्रम | अनुदान पाउने सस्थाको नाम | पालिकाको अनुदान (७५ % पालिका आनुदन) | (२५% किसान लागत सहभागिता) | सम्झौता रकम रु. | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | बंगुर खोर निर्माण | तामाङ्ग एकिकृत कृषि तथा पशुपंक्षी फार्म | १,००.००० | ३३,३३३.३३ | १,३३,३३३.३३ | ९२,३८२ |
| २ | बाख्रा खोर निर्माण | वलिन्टार बाख्रा फार्म | १,००.००० | ३३,३३३.३३ | १,३३,३३३.३३ | ८६,२९९ |
| ३ | बाख्रा खोर निर्माण | नविन कृषि तथा पशुपंक्षी फार्म | १,००.००० | ३३,३३३.३३ | १,३३,३३३.३३ | ९४,००३ |
| ४ | बाख्रा खोर निर्माण | गोठालो कृषि तथा पशुपंक्षी फार्म | १,००.००० | ३३,३३३.३३ | १,३३,३३३.३३ | ९३,९३५ |
| ५ | बाख्रा खोर निर्माण | छिन्ताङ्ग कृषि तथा पशुपंक्षी फार्म | १,००.००० | ३३,३३३.३३ | १,३३,३३३.३३ | ८६,७८५ |
| ६ | बाख्रा खोर निर्माण | रातमाटे कृषि तथा पशुपंक्षी फार्म | १,००.००० | ३३,३३३.३३ | १,३३,३३३.३३ | ९३,४६६ |
| ७ | बाख्रा खोर निर्माण | सुनौलोबिहानी कृषि तथा पशुपंक्षी फार्म | १,००.००० | ३३,३३३.३३ | १,३३,३३३.३३ | ९३,६८४ |
| ८ | बाख्रा खोर निर्माण | टेकराज कृषि फार्म | १,००.००० | ३३,३३३.०० | १,३३,३३३.३३ | ८६,६८२ |
| जम्मा | | | ८,००.००० | २६६६६६ | १०६६६६६ | ७२७२३६ |

यस्ता खर्चको सदुपयोगको तर्फ अनुदानको नियमित अनुगमन भएको देखिदैन।पारदर्शिता र जवाफदेहिताको प्रर्वधनको लागी पालिकाबाट अनुदान प्राप्त गर्ने कृषकको नाम ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटमा सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ७१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७२ **कृषि अनुदान -**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। खर्च रकमको अनुगमन गरी मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुकानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन। अतः कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ७२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७३ **अनुदानको अनुगमन –**

पालिकाको अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा स्थानीय तहको नियमित अनुगमन गर्नुपर्ने र सोको प्रगति प्रतिवेदन पालिका समक्ष पेश गरी सो उपर छलफल गर्नुपर्दछ। अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्नुपर्दछ ।यस पालिकाबाट समानीकरण, विशेष तथा समपुरक अनुदान कार्यक्रमबाट संचालन भएका कार्यक्रमहरुको नियमित अनुगमन,नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी प्रणलीको प्रभावकारी कार्यान्वय गरेको देखिएन । पालिकाले यस बर्ष देहायअनुसार कृषि, पशु, तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानका लागि रु २६ लाख १५ हजार खर्च गरी निम्न कार्य गरेको देखिन्छ।

| | | |
|---|---|---|
| १ | व्यवसायिक कृषिमा अनुदान (प्लास्टिक टनेलमा ९०% अनुदान) ढुवानी सहित | ७८००३२ |
| २ | उच्च कार्य सम्पादन भएका तहगत विद्यालयलाई प्रोत्साहन तथा पुरस्कार अनुदान कक्षा १-१० | ७५००० |
| ३ | उच्च कार्य सम्पादन भएका तहगत विद्यालयलाई प्रोत्साहन तथा पुरस्कार अनुदान कक्षा १-५ | ४०००० |
| ४ | गणित तथा बिज्ञान अध्ययनरत ११/१२ का विद्यार्थिहरुलाई शैक्षिक अध्ययन अनुदान (का.पा.को निर्णय अनुसार) | १९५००० |
| ५ | उच्च कार्य सम्पादन भएका तहगत विद्यालयलाई प्रोत्साहन तथा पुरस्कार अनुदान कक्षा १-१२ | १००००० |
| ६ | उच्च कार्य सम्पादन भएका तहगत विद्यालयलाई प्रोत्साहन तथा पुरस्कार अनुदान कक्षा १-३ | २५००० |
| ७ | उच्च कार्य सम्पादन भएका तहगत विद्यालयलाई प्रोत्साहन तथा पुरस्कार अनुदान कक्षा १-८ | ६०००० |
| ८ | अनुदानमा व्यवसायिक बंगुर बाख्रा पालन कृषि फर्म समुहलाई नमुना खोर निर्माण कार्यक्रम | ७८९३९१ |
| ९ | अनुदानमा व्याडको उन्नत बोका बितरण कार्यक्रम | ७१२८५ |
| १० | रौता जनता क्याम्पसको लागि शिक्षक अनुदान (का.पा.को निर्णय अनुसार) | २००००० |
| ११ | टोल बिकास संस्थाहरुलाई बिउपुँजि अनुदान प्रतिटोल बिकास संस्था १५०००। का दरले | १८०००० |
| १२ | सामुदायिक सर्पदंश उपचारकेन्द्रलाई औषधी खरिद अनुदान सहयोग कार्यक्रम | १००००० |
| जम्मा | | २६१५७०८ |

पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरी स्थानीय अनुदान नीति तयार गर्नुपर्दछ । साथै अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आउने गरी अनुदानको सदुपयोग भैरहेको यकिन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७४ **स्वास्थ्य तर्फ-**

७४.१ निःशुल्क उपचार सहायताःजनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट मृगोला प्रत्यारोपण र डायलाईसिस गराएको २३ जनालाई ४४५०००। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७४.२ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त वाट रु. १०९१५६८ को औषधि खरिद गरेको छ।पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

७४.३ **मार्गदर्शन विपरित खर्चः** आर्थिक वर्ष २०८१।०८२ मा स्थानीय तहवाट गरिने स्वास्थ्य तर्फको सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरुको सन्चालन सम्वन्धि मार्गदर्शनमा स्वास्थ्य तर्फको तलव खर्च लेख्दा स्वीकृत दरबन्दिमा रहेको कर्मचारीहरुको तलव, महगीं भत्ता, स्थानीय भत्ता,पोषाक लगायतको अनिवार्य दायित्वमा वाहेक अन्य शिर्षकमा रकम खर्च गर्न नपाईने उल्लेख छ। पालिकाले निर्देशन विपरित एक कर्मचारी रिता वराललाई जाखिम भत्ता भनि मासिक रु. १८०० को दरले यो बर्ष रु. २१६०० खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | २१,६०० |
|---|---|

७५ **सामाजिक सुरक्षा**

७५.१ **त्रैमासिक वितरण** - सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा बार्षिक प्रतिवेदन अनुसुची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्नेछ ।उक्त नियमको अनुसूची अनुसार प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गरेको रकम निम्न अवस्थामा रहेको पाइयो ।

| लाभग्राही समूह | पहिलोत्रैमासिक | | दोस्रोत्रैमासिक | | तेस्रोत्रैमासिक | | चौथोत्रैमासिक | | जम्मा वितरण रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | वितरण गरेको संख्या | वितरण गरेको रकम | वितरण गरेको संख्या | वितरणगरेकोरकम | वितरण गरेको संख्या | वितरण गरेको रकम | वितरण गरेको संख्या | वितरण गरेको रकम | |
| अन्यज्येष्ठ नागरिक | १२२१ | १४५३७५५९ | १२२४ | १४५९०५३२ | १२३१ | १४४९९७०५ | १२५२ | १४८८२६१० | ५८५१०४०६ |
| ज्येष्ठनागरिक भत्ता (दलित) | १०१ | ७९८००० | १०२ | ८१३९६० | १०५ | ८२४६०० | १०८ | ८२९९२० | ३२६६४८० |
| ज्येष्ठनागरिक एकल महिला | १२६ | १०००१६० | १२५ | ९८६९४९ | १२० | ९५१७४८ | १०७ | ८५३८६० | ३७९२७१७ |
| विधवा | २५७ | २०२९५८० | २७१ | २१२५३४० | २८० | २१९८०१८ | २९३ | २२९२९२० | ८६४५८५८ |
| पूर्णअपाङ्गता | ३५ | ४१८९५० | ३५ | ४१८९५० | ३४ | ४०६९८० | ३३ | ३९५०१० | १६३९८९० |
| अतिअशक्त अपाङ्गता | १४९ | ९१९२९६ | १५१ | ९५६५३६ | १५२ | ९६०२३० | १५४ | ९८३१३६ | ३८१९१९८ |
| दलितबालबालिका | १९४ | २९९४८८ | २०५ | ३१२७४६ | २०७ | ३१७७९८ | २०९ | ३२१६१७ | १२५१६४९ |
| लोपोन्मुख | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | | | | | | | | ८०९२६१९८ |

सैद्धान्तिक बेरुजु

७५.२ **एउटै नागरिता नंम्वर-** नेपाल सरकारले जारी गर्ने नागरिकता नम्बर प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका ८ वटा वडा मध्ये ३ र ५ वडाको प्रथम त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता नम्बर दोहोरो परेको देखिन्छ ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ यस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

| First Installment | | | | |
|---|---|---|---|---|
| S.no. | Ward No. | Member Name | Citizenship | Personal ID no. |
| १ | १ | Khadga Maya Magar | १४३०२३।०३ | २०१३१२३००९३३५ |

| | | | | |
|---|---|---|---|---|
| २ | १ | Mina Maya Magar | १३८ | २०३५१२३००१६४३ |
| ३ | १ | Bishna Rai | १४३०२३।०३ | २०३९१२३००१०५५ |
| ४ | १ | IndraDhoj Basnet | १३८ | २०१४१२३०१२१३९ |

सैद्धान्तिक बेरुजु

७५.३ **सामाजिक सुरक्षा विवरण -** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६, बिद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४, सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाबाट सामाजिक सुरक्षा कार्यक्रमको लागि यो बर्ष नेपाल सरकारबाट प्राप्त बजेट मध्ये रू. ८०९२६१९८ खर्च देखाई आर्थिक विवरण पेश गरेको छ ।पालिकाको अघिल्लो आर्थिक बर्ष र यस आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको औषत अवस्था निम्न बमोजिम देखिन्छ:

| लक्षित समूह | आ.व.२०८०/८१को चार त्रैमासिकको औसत संख्या | आ.व.२०८१/०८२को चार त्रैमासिकको औसत संख्या | भत्ता दर |
|---|---|---|---|
| अन्य ज्येष्ठ नागरिक भत्ता | १२२७ | १२२१ | ४००० |
| ज्येष्ठ नागरिक (दलित) | १०६ | १०१ | २६६० |
| ज्येष्ठ नागरिक (एकल महिला) | १४३ | १२६ | २६६० |
| विधवा | २५५ | २५७ | २६६० |
| पूर्ण अपाङ्गता | ३७ | ३५ | ३९९० |
| अति अशक्त अपाङ्गता | ११४ | १४९ | २१२८ |
| दलित बालबालिका | २१६ | १९४ | ५३२ |
| लोपोन्मुखजाति | ० | ० | |

सैद्धान्तिक बेरुजु

७५.४ **बैंक रुजु-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय संचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ ।यस पालिकाले ९ वडाको सामाजिक सुरक्षा भत्ता बितरण गर्ने सम्बन्धित बैंकबाट एक आर्थिक बर्षसम्म वा सो भन्दा बढी समयमा एक पटक पनि रकम नझिकेका देहायको १६६ जना लाभग्राहीहरुको सम्बन्धमा पालिकाले यकीन गरी उक्त लाभग्राही निष्कृय रहेको अवस्थामा लगत कट्टा गर्नुपर्ने भए लगत कट्टा गरी बढी भएको रकम तथा निक्रिय रहेको खाताको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

| वडा | निस्कृय लाभग्राहीको खाता संख्या | रकम |
|---|---|---|
| १ | १३ | २२६८५२ |
| २ | २ | २७३२.१ |
| ३ | २६ | ८४११३ |
| ४ | ५९ | २६९२५३ |
| ५ | १३ | ३१३६९६ |
| ६ | १३ | ३१३६९६ |
| ९ | ४० | ३६०४० |
| | १६६ | १२४६३८२.४६ |

सैद्धान्तिक बेरुजु

७५.५ परदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस पालिकाले पारदर्शिता र जवाफदेहिता पालना गरेको पाइएन। भत्ता वितरणमा पारदर्शिता र जवाफदेहिता प्रवर्धन हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

# अनुगमन लेखापरीक्षण

७६ संपरीक्षण तथा अद्यावधिक बेरुजु

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८२ सम्मको बाँकी बेरुजु रु.४९२६४९२५ मध्ये रु.४३५६३९.७० को नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत सम्परीक्षण भएको छ । अन्य रकमको अनुरोध भई आएमा सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।
**(ख) अध्यावधिक बेरुजुको अवस्थाः** यस **रौतामाई गाउँपालिका, उदयपुर** को २०८२ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B) | यो वर्ष कायम बेरुजु(C) | सम्परीक्षणबाट कायम बेरुजु(D) | अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | ४९२६४९२५ | ४३५६३९.०७ | १६६०३७२३ | ० | ६५४३३००८.९३ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : रौतामाई गाउँपालिका, उदयपुर , उदयपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लिला राज श्रेष्ठ | २०८१-१-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भुपध्वज रायामाझी | २०७७-१२-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५६३,६०६ | ४,०७७,६६६ | ११,९६२,४५१ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | १६,६०३,७२३ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | १,०४७,१५५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ४६९०२४९८.५२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३५६९१६६५२.०८ | **चालु खर्च** | ३४८६५९७११.२९ |
| **प्रदेश सरकारबाट अनुदान** | १४२७५३२३ | **पूँजीगत खर्च** | १०७७२६५२७ |
| **राजश्व बाँडफाँट** | ९८५२७६५८.११ | **वित्तीय/अन्य व्यवस्था** | १४१०५२८३.८३ |

| | | | |
|---|---|---|---|
| आन्तरिक आय | ६८०४१०२.६६ | | |
| अन्य आय | १५५६४६५३.८३ | | |
| कुल आय | ४९२०८८३८९.६८ | कुल खर्च | ४७०४९१५२२.१२ |
| बाँकी मौज्दात | | ६८४९९३६६.०८ | |

# अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |
| २ | कृषि तथा पशु विकास कार्यक्रम | कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम |
| ३ | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य गराउने । | अमानत, लाभग्राही समुदाय, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । |
| ४ | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| ५ | तालिम र कार्यक्रम खर्च | तालिम तथा कार्यक्रम |
| ६ | शिक्षा तर्फ | शिक्षा तर्फ |
| ७ | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| ८ | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| ९ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| १० | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| ११ | संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत कार्यक्रम (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| १२ | ठेक्का तथा प्रस्ताव व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन |
| १३ | विविध | विविध |

## बेरूजु दफा २० सँग सम्बन्धित विवरण - अनुसूची -३

| क स | खर्च शिर्षक | २०८१।८२ | | २०८०।८१ | | २०७९।८० | |
|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च |
| १ | विविध खर्च | 3500000. | 2860568. | 3500000. | 2563647. | 1500000. | 1329252. |
| २ | ईन्धन खर्च | 1900000. | 1276624. | 1800000. | 1601235. | 1000000. | 1000000. |
| ३ | सवारी साधन मर्मत खर्च | 4000000. | 1264958. | 3100000. | 2616017. | 2400000. | 2228664. |
| ४ | बैठक भत्ता | 1500000. | 1500000. | 1500000. | 1500000. | 1300000. | 1300000. |
| ५ | पत्रपत्रिका छपाई सूचना प्रकाशन खर्च | 2600000. | 2592025. | 2600000. | 2487231. | 2500000. | 1456617. |
| ६ | भ्रमण खर्च | 3000000. | 2920650. | 2400000. | 2400000. | 1500000. | 1500000. |
| ७ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | 5000000. | 4944364. | 3400000. | 3062394. | 5000000. | 3191897. |
| | जम्मा | 21500000. | 17359189. | 18300000. | 16230524. | 15200000. | 12006430. |

## बेरूजु दफा ५७ सँग सम्बन्धित विवरण - अनुसूची -४

| एन.के.इन्टरप्राईजेज | | |
|---|---|---|
| भौ.न./ मिति | खरिद विधी | रकम |
| २७०-२०८१।८।४ | सोझै खरिद | ९७१८० |
| २७०-२०८१।८।४ | सोझै खरिद | ९१५३० |
| ४१२-२०८१।९।२५ | सोझै खरिद | ७५७१० |
| ४१४-२०८१।९।२५ | सोझै खरिद | ९२६६० |
| ४१९-२०८१।९।२५ | सोझै खरिद | ७५३७१ |
| ६७८-२०८१।१२।२२ | सोझै खरिद | ९७५१९ |
| ८४०-२०८२।२।७ | सोझै खरिद | ४९०९८ |
| ८५४-२०८२।२।७ | सोझै खरिद | ७९९९९ |
| १२७१-२०८२।३।२५ | कोटेशन खरिद | ५५१४४९ |
| इन्फोटेक सप्लायर्स एण्ड ट्रेडर्स | | |
| ३६५-२०८१।०९।१९ | सोझै खरिद | ९२२०८ |
| ३८३-२०८१।०९।२२ | सोझै खरिद | ९१८०० |
| ४०६-२०८१।०९।२३ | सोझै खरिद | ९८५३६ |

| | | |
|---|---|---|
| ४६७-२०८१।१०।१४ | सोझै खरिद | ९८५०० |
| ५२७-२०८१।११।०६ | सोझै खरिद | ९५१५० |
| ६०९-२०८१।१२।०७ | कोटेशन खरिद | १६०४६० |
| ६७५-२०८१।१२।२२ | सोझै खरिद | ३०००० |
| ८५१-२०८२।०२।०७ | सोझै खरिद | ९८५०० |
| ८५५-२०८२।०२।०७ | सोझै खरिद | १९००० |
| ११४८-२०८२।०३।१९ | सोझै खरिद | ९७१८० |
| १२५८-२०८२।०३।२४ | सोझै खरिद | ६७८०० |
| १२६४-२०८२।०३।२५ | कोटेशन खरिद | १३४९९५ |
| कार्की छापाखाना तथा हिमाल दर्शन स्टेशनरी | | |
| २३१-२०८१।०७।१३ | सोझै खरिद | ९८०८० |
| २३३-२०८१।०७।१३ | सोझै खरिद | ३२३३५ |
| २३६-२०८१।०७।१३ | सोझै खरिद | ६४३७३ |
| २४०-२०८१।०७।१३ | सोझै खरिद | ९८८८६ |
| ६१७-२०८१।१२।०७ | सोझै खरिद | ९६२५३ |

| | | |
|---|---|---|
| ९०८-२०८२।०२।२० | सोझै खरिद | ९११७१ |
| ९८९-२०८२।०३।०३ | कोटेशन खरिद | १९३०४९ |
| १०२७-२०८२।०३।०९ | सोझै खरिद | ४५९०६ |
| १०२८-२०८२।०३।०९ | सोझै खरिद | ९४२६४ |
| १२१३-२०८२।०३।२२ | सोझै खरिद | ६७८९० |
| न्यू राधा इन्टरप्राइजेज | | |
| २३२-२०८१।०७।१३ | सोझै खरिद | ९०६२६ |
| ३८०-२०८१।०९।२१ | सोझै खरिद | ९५२५९ |
| ८५७-२०८२।०२।०७ | सोझै खरिद | ८६३३२ |
| ८५९-२०८२।०२।०७ | कोटेशन खरिद | ४००००० |
| १००२-२०८२।०३।०५ | सोझै खरिद | ५८४९९ |
| ११००-२०८२।०३।१८ | सोझै खरिद | ५२२०६ |
| ११०५-२०८२।०३।१८ | सोझै खरिद | ४२३७५ |
| ११९२-२०८२।०३।२२ | सोझै खरिद | ५०००० |
| ११९६-२०८२।०३।२२ | सोझै खरिद | ३७६०० |

| | | |
|---|---|---|
| १२२१-२०८२।०३।२३ | सोझै खरिद | ६९७२१ |

## बेरूजु दफा ७० सँग सम्बन्धित विवरण - अनुसूची -५

| सि.नं | सामानको नाम | स्पेसिफिकेशन | मौद्जात रहेको विवरण (2082/ 03/ 24 सम्म) | | | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | इकाई | दर | |
| 1 | Timpol Powder | 100gm | 7 | packet | 111.00 | 777 |
| 2 | Himalayan Batisa | 100gm | 73 | packet | 74.00 | 5402 |
| 3 | Neblon Powder | 100gm | 7 | packet | 86.00 | 602 |
| 4 | Caflon Powder | 100gm | 1 | packet | 111.00 | 111 |
| 5 | Sulfonomix Powder | 20gm | 24 | batta | 108.00 | 2592 |
| 6 | Syringe | 5ml | | piece | 4.30 | |
| 7 | Syringe | 10ml | | piece | 8.70 | |
| 8 | Povidine Iodine | 100ml | 6 | bottle | 139.00 | 834 |
| 9 | Nylon Thread | roll | 9 | roll | 74.00 | 666 |
| 10 | Needle | 18 gauge | | packet | 4.40 | |
| 11 | BP Blade Curve | stainless | 9 | box | 620.00 | 5580 |
| 12 | Vital Lt | 120ml | 85 | bottle | 108.40 | 9214 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 13 | Sulfadibmidine bolus 5gm | 5gm | | tab | 34.40 | |
| 14 | Absorbent Cotton | 300gm | | roll | 310 | |
| 15 | Oxyclozanide and Levamisole | 225mg | | tab | 7.40 | |
| 16 | Oxyclozanide and Levamisole | 525mg | | tab | 10.80 | |
| 17 | Oxyclozanide and Levamisole | 1500mg | | tab | 35.40 | |
| 18 | Oxyclozanide and Levamisole | 3000mg | 61 | tab | 49.40 | 3013 |
| 19 | Albendazole | 600mg | 5 | tab | 12.30 | 61 |
| 20 | Gentamicin Inj. | 100ml | 2 | vial | 350.40 | 700.8 |
| 21 | Inj Meloxicam | 100ml | 4 | vial | 340.40 | 1361 |
| 22 | Inj Maxliv | 100ml | 9 | vial | 398.40 | 3585 |
| 23 | Inj Ivermectin Super | 50ml | 2 | vial | 1973.40 | 5946 |
| 24 | Inj Penicillin and Gentamycin | 100ml | 3 | vial | 1598.40 | 4795 |
| 25 | Tetracyline Bolus 500mg | 500mg | 176 | tab | 11.40 | 2006.4 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 26 | Sulphamethoxazole+Trimethoprim 480mg | 480mg | 69 | tab | 13.50 | 931.5 |
| 27 | Neomycin and Doxycyline | 400mg | 88 | tab | 14.40 | 1267 |
| 28 | Enrofloxacin | 50mg | | tab | 7.40 | |
| 29 | Calcium and Phosphorus | 1ltr | 1 | jar | 207.40 | 207.4 |
| 30 | Urocase | 100ml | 9 | bottle | 108.40 | 975.6 |
| 31 | Frusimide | 10ml | 3 | vial | 104 | 312 |
| 32 | Xylocaine 1% | 30ml | 4 | vial | 49.49 | 197.9 |
| 33 | Chlorpheniramine Maleate Inj | 100ml | 6 | vial | 207.40 | 1242 |
| 34 | magnesium sulfate 500 g | 500gm | 4 | sachet | 85.40 | 341 |
| 35 | Albendazole Liquid | 5ltr | 1 | jar | 2195 | 2195 |
| 36 | Piperazine Liquid | 30ml | 42 | bottle | 59.40 | 2494 |
| 37 | Tincture of Iodine | 400ml | 7 | bottle | 78 | 546 |
| 38 | Ivermectin inj | 100ml | 12 | vial | 1310 | 15720 |
| 39 | Flumethrin Solution | 30ml | 3 | bottle | 185 | 555 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 40 | Vital Lt | 500ml | 37 | bottle | 349.40 | 12927 |
| 41 | thical | 500ml | 7 | bottle | 489.40 | 3425.8 |
| 42 | Oxyclozanide and Levamisole | 120ml | | bottle | 149.40 | |
| 43 | vitaplex | 120ml | 36 | bottle | 108.40 | 3902.4 |
| 44 | albendazole | 60ml | 7 | bottle | 58.40 | 408.8 |
| 45 | Inj Tonorocin | 30ml | 9 | vial | 229.40 | 2064.6 |
| 46 | Afanil | 100ml | 8 | bottle | 119.40 | 955.2 |
| 47 | Charmil | 25gm | 198 | tube | 74.40 | 14731 |
| 48 | Diaroak | 30gm | 60 | sachet | 51.40 | 3084 |
| 49 | Ruchamax | 15gm | | sachet | 31.40 | |
| 50 | Capsule Prajana | capsule | 180 | cap | 15.40 | 2772 |
| 51 | Tickout | 15ml | | than | 79.40 | |
| 52 | Mineral Mixture Powder | 250gm | | packet | 109.40 | |
| 53 | Inj Maxtin | 10ml | 26 | vial | 39.40 | 1024.4 |
| 54 | Oxyclozanide | 1gm | 21 | tab | 21.40 | 449.4 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 55 | Potassium Permagnate | 10gm | 27 | packet | 49 | 1323 |
| 56 | Surgical Gloves 6.5/7" | sterile pack | | pair | 33.40 | |
| 57 | Atropine Sulfate | 30ml | | vial | 118.40 | |
| 58 | Thermometer | piece | 7 | थान | 342 | 2394 |
| 59 | Meloxicam | 500mg | | tab | 7 | |
| 60 | Replanta | 100gm | 18 | packet | 110.10 | 1980 |
| 61 | Enrofloxacin Liquid | 1000ml | 2 | bottle | 1835.10 | 3670.20 |
| 62 | Inj Dexamethasone | 30ml | 6 | vial | 175 | 1050 |
| 63 | Turpine Oil | 100ml | 11 | bottle | 78.10 | 859 |
| जम्मा | | | | | जम्मा | 130651.4 |

## बेरूजु दफा ७१ सँग सम्बन्धित विवरण - अनुसूची -६

| क्र.स. | कार्यक्रम | पालिकाको अनुदान | लागत सहभागीता | जम्मा खर्च | लाभान्वित संख्या |
|---|---|---|---|---|---|
| १. | सुन्तालाजात पकेट बिकास कार्यक्रम | ११,०१,३२५ | ४,५९,१३६ | १५,६०,४६१ | १९ परिवार, ९५ जाना |
| २. | एक वडा एक पकेट बिकास कार्यक्रम | | | | |
| | वडा १- चित्रेथान कृषि सहकारी संस्था | १,८७,८४० | ७७,९३१ | २,६५,७७१ | ८४ परिवार, ४२० जाना |
| | वडा २- निरन्तर कृषि तथा पशुपन्छी कृषक समुह | १,८८,०१९ | ७०,८८७ | २,५८,९०६ | २२ परिवार, १३२ जाना |
| | वडा ३- प्रगतिशिल कृषक समुह | १,८६,१५२ | ७९,७३२ | २,६८,८८४ | २८ परिवार, १०० जाना |
| | वडा ४- मलबासे कृषि तथा पशुपन्छी कृषक समुह | १,८५,९०३ | ६९,५०० | २,५५,४०३ | २१ परिवार, १०० जाना |
| | वडा ६- देउराली कृषक समुह | १,८७,६२६ | ९१,२४२ | २,७८,८६८ | २२ परिवार, १०० जाना |
| | वडा ७- पुवारे कृषि सहकारी संस्था ली. | १,८५,९२० | १,५८,०६७ | ३,४३,९८७ | ५५ परिवार, २२० जाना |
| | वडा ८- रौता बहुउदेश्यिय सहकारी संस्था ली. | १,८८,२९६ | ७३,७४५ | २,६२,०४१ | १०० परिवार, ५०० जाना |
| | जम्मा | २४,११,०८१ | १०,८०,२४० | ३४,९१,३२१ | ३५१ परिवार, १६६७ जाना |
| | | | | | |
| क्र.स | अनुदान दिएको सस्थाको नाम | अनुदानको विषय | सम्झौता रकम | भुक्तानी रकम | |
| | | (५० % पालिका आनुदन) | रु. | रु. | |
| १ | जागिरभित्ता कृषि तथा पशुपंक्षी फार्म | आनुदनमा व्याडको बोका वितरण | ५०,००० | ३०,९१८ | |
| २ | नमुना कृषक समूह | आनुदनमा व्याडको बोका वितरण | ५०,००० | ३८,२२७ | |

## बेरूजु दफा ७२ सँग सम्बन्धित विवरण - अनुसूची -७

| क्र. सं. | अनुदान दिएको संस्थाको नाम र ठेगाना | अनुदान विषय | सम्झौता रकम रु. | अनुदान भुक्तानी | | | अनदानको उपयोगको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | गत वर्षसम्मको भुक्तानी रु. | यस वर्षको भुक्तानी रु. | जम्मा भुक्तानी रु. | |
| १ | मनकामना कृषक समुह, रौतामाई-६, बासबोटे | सन्तालाजात पकेट बिकास कार्यक्रम | १६,१३,८९१ | ० | १२,२४,९१७ | १२,२४,९१७ | सामाग्री उपयोगमा रहेको. सन्तलाको बिरुवा किसानले लगायका |
| २ | एक वडा एक पकेट बिकास कार्यक्रम | | | | | | |
| ३ | चित्रेथान कृषि सहकारी संस्था, वडा नं. १ | | २,६८,७५० | ० | १,९१,७८१ | १,९१,७८१ | सामाग्री उपयोगमा रहेको |
| ४ | निरन्तर कषि तथा पशपन्छी कृषक समुह, वडा नं. २ डासिङ्गटार | | २,७०,८८७ | ० | १,९१,१४४ | १,९१,१४४ | सामाग्री उपयोगमा रहेको |
| ५ | प्रगतिशिल कृषक समुह, वडा नं. ३ लाफागाउँ | | २,६८,५०० | ० | १,९१,६२० | १,९१,६२० | सामाग्री उपयोगमा रहेको |
| ६ | मलबासे कषि तथा पशुपन्छी कृषक समुह, वडा नं. ४ मालबासे | | २,६९,५०० | ० | १,८९,५०० | १,८९,५०० | सामाग्री उपयोगमा रहेको |
| ७ | देउराली कृषक समुह, वडा नं. ६ रातमाटे | | २,८६,८५० | ० | १,९१,९०८ | १,९१,९०८ | सामाग्री उपयोगमा रहेको |
| ८ | पवारे कषि सहकारी संस्था ली. , वडा नं. ७ पुवारे डाँडा | | ३,५१,७५० | ० | १,९१,९९९ | १,९१,९९९ | सामाग्री उपयोगमा रहेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | रौता बहुउदेश्यिय सहकारी संस्था ली. , वडा नं. ८ पुवारे भन्ज्यांग | | २,७०,००० | ० | १,९१,९८६ | १,९१,९८६ | सामाग्री उपयोगमा रहेको |